म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक २२६ बुधबार १४ चैत २०८० ने. सं. ११४४ चिल्लागा 27 March 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा
राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## मकवानपुरगढीमा एम्बुलेन्स दुर्घटना, चालक गम्भीर

हेटौंडा, १३ चैत/मकवानपुरगढी गाउँपालिकामा बिरामी लिन हिँडेको एम्बुलेन्स दुर्घटनामा परेको छ । दुर्घटनामा परी एम्बुलेन्स चालक गम्भीर घाइते भएका छन् । सडकबाट पाँच सय मिटर तल खसेको एम्बुलेन्स रुखमा अड्किएको थियो । मकवानपुरगढी गाउँपालिका वडा नम्बर-७ सुकौरामा रहेको सुकौरा स्वास्थ्यचौकीको एम्बुलेन्स दुर्घटनामा परेको हो । बिरामी पुऱ्याएर फर्कँदै गर्दा मकवानपुरगढी-७ नरसिंहडाँडामा अनियन्त्रित भई सडकदेखि ५०० मिटर तल खसेको वडा नम्बर ७ का वडासदस्य प्रतिमान रुम्बाले जानकारी दिए । दुर्घटनामा एम्बुलेन्स चालक मकवानपुरगढी वडा नम्बर-७ नरसिंहडाँडाका पेमारत्न तितुङ गम्भीर घाइते भएका छन् । गम्भिर घाइते चालकको हेटौंडाको सहकारी अस्पतालमा उपचार भइरहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ ।

# बागमतीमा हानेपाद्वारा सरकारलाई दिएको समर्थन फिर्ता

साझाकुरा संवाददाता

हेटौंडा, १३ चैत/दुई सिटको हाम्रो नेपाली पार्टीले बागमती प्रदेश सरकारलाई दिएको समर्थन फिर्ता लिएको छ । ९ चैतमा समर्थन फिर्ताको पत्र तयार गरेर संसदीय दलका नेता शैलेन्द्रमान बज्राचार्यले मंगलबार बिहान मात्रै प्रदेश प्रमुख कार्यालयमा इमेलमार्फत पठाएका छन् ।

समर्थन फिर्ताको पत्र प्रदेशप्रमुख यादवचन्द्र शर्माले प्रमाणिकरण गर्नुपर्ने हुन्छ । बज्राचार्यले पठाएको पत्र प्रदेश प्रमुख कार्यालयमा मंगलबार दर्ता नभएको कार्यालय स्रोतले जानकारी दिएको छ । सत्तासमीकरणमा फेरबदल आएसँगै सरकार गठनमा निर्णायक बनेको हाम्रो नेपाली पार्टीले समर्थन फिर्ता लिएको हो । नेता बज्राचार्यले पत्र अगाडि नै तयार भए पनि इमेलमार्फत मंगलबारमात्र पठाएको जानकारी दिए ।

उनले आफ्नो मुख्यमन्त्रीमा दाबी रहेकाले सरकारलाई दिएको समर्थन फिर्ता लिएको बताए । 'हाम्रो मुख्यमन्त्रीमा दाबी छ । हामीले कसैलाई पनि समर्थन नगर्ने र प्रतिपक्षमा बस्ने निर्णय लिएका छौं,' उनले भने । हाम्रो नेपाली पार्टीले मुख्यमन्त्री शालिकराम जम्कट्टेलको



नेतृत्वमा २५ पुस २०७९ मा गठित सरकारलाई समर्थन दिएको थियो । तत्कालीन एमाले र राप्रपाबीचको गठबन्धन भत्किएर नयाँ समीकरणमा कांग्रेससहितको सरकार बन्दा पनि हाम्रो नेपाली पार्टीले जम्कट्टेल दोस्रोपटक विश्वासको मत दिएको थियो ।

हानेपाले दोस्रो प्रयासमा समर्थन फिर्ता लिएको हो । यसअघि गठबन्धन नफुट्दै फागुन तेस्रो हप्ता नेता बज्राचार्य नै समर्थन फिर्ता लिएर सरकारलाई अप्ठ्यारो पार्ने कसरतमा थिए । जुन विषय उनी आफैंले साझाकुरासँग स्वीकार गरेका छन् । बज्राचार्यले संसदीय समिति पनि नपाउने भएपछि सरकारलाई दिएको समर्थन फिर्ता लिने पत्र प्रदेशप्रमुख शर्मालाई बुझाउन तयार पारेका थिए । त्यो पत्र प्रदेशसभाभित्रै बज्राचार्यले च्यातेका थिए । 'मैले पहिले नै फिर्ता लिन खोजेको हो नि । आज (मंगलबार) पत्र इमेलबाट प्रदेशप्रमुखकोमा पठाएको हुँ ।,' उनले भने ।

सरकारलाई गत २३ फागुनमा नेपाली कांग्रेसका ६ मन्त्रीले राजीनामा बुझाउँदै सरकारलाई दिएको समर्थन फिर्ता लिएपछि मुख्यमन्त्री जम्कट्टेल अल्पमतमा परेका थिए । बहुमत जुटाएर सरकार टिकाउन दबाब खेपिरहेका जम्कट्टेललाई सरकार गठनमा देखिएको संकट थप गहिरिँदो छ । मुख्यमन्त्री जम्कट्टेल नेपाल मजदुर किसान पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टीलाई फकाएर बहुमत जुटाउने कसरतमा छन् ।

११० सदस्यीय प्रदेशसभामा सरकारले बहुमत सिद्ध गर्न ५६ सांसदको समर्थन आवश्यक पर्छ । प्रदेशसभामा कांग्रेसको ३७, एमालेको २७, माओवादीको २१, राप्रपाको १३ (सभामुखसहित), एकीकृत समाजवादीको ७, नेपाल मजदुर किसान पार्टीको ३ र हाम्रो नेपाली पार्टीका २ प्रदेशसभा सदस्य छन् ।

यसैगरी, बागमतीमा मुख्यमन्त्रीको भागबण्डा पनि टुंगिन बाँकी छ । मुख्यमन्त्रीमा एमाले र नेकपा एकीकृत समाजवादीले पनि दाबी गरेका छन् । मुख्यमन्त्री जम्कट्टेल थप संकटमा परिरहेका बेला प्रदेश सरकार हेरफेरबारे निर्णय लिन माओवादीले आज बुधवार पदाधिकारी बैठक बोलाएको छ । पदाधिकारी बैठक बुधबार बिहान ८ बजे प्रधानमन्त्री निवास वालुवाटारमा बस्नेछ । पार्टीका कोषाध्यक्ष श्रीराम ढकालका अनुसार बैठकमा आगामी वैशाख १५ गते हुने उपनिर्वाचन र प्रदेश सरकार हेरफेरबारे छलफल हुनेछ ।

नेताहरुका अनुसार प्रदेश सरकार हेरफेरबारे सत्ता गठबन्धनमा करिब सहमति जुटेको छ । त्यसका सम्बन्धमा समेत पदाधिकारी बैठकमा छलफल हुनेछ । गत फागुन २१ गते माओवादी केन्द्रले नेपाली कांग्रेससँगको गठबन्धन छाडेर नेकपा एमालेसहितका दलहरुसँग सत्ता समीकरण गरेको थियो । नयाँ समीकरण अनुसार प्रदेश सरकार हेरफेरको कसरतमा गठबन्धनमा रहेका दलहरु छन् ।

# बागमती सरकार आम्दानी र खर्च दुवैमा कमजोर



साझाकुरा संवाददाता

हेटौंडा, १३ चैत/ बागमती प्रदेश सरकार राजश्व आम्दानी र बजेट खर्च दुवैका कमजोर देखिएको छ । प्रदेश सरकार गठन भएयता अर्थात २०७४ देखि नै प्रदेश सरकारको बजेट खर्च निराशाजनक छ ।

प्रदेश सरकारले चालु आर्थिक वर्षको ८ महिनामा विकास बजेट २६.५१ प्रतिशत खर्च गरेको छ । प्रदेश सरकारले सार्वजनिक गरेको ६२ अर्व ७० करोड ९० लाख रुपैयाँको कुल बजेटमध्ये अहिलेसम्म १६ अर्ब ६२ करोड ५० लाख रुपैयाँमात्रै खर्च गरेको छ । प्रदेश लेखानियन्त्रक कार्यालयका अनुसार प्रदेश सरकारले चालुतर्फ २६ अर्ब ४३ करोड १६ लाख रुपैयाँ, पुँजीगततर्फ ३५ अर्ब ७७ करोड ७३ लाख रुपैयाँ र वित्तीय व्यवस्थातर्फ ५० करोड रुपैयाँ विनियोजन गरेको थियो ।

जसमध्ये प्रदेश सरकार मातहतका निकायमार्फत् फागुन मसान्तसम्म चालुतर्फ ८ अर्ब ७४ करोड ७६ लाख रुपैयाँ (३३.१० प्रतिशत), पुँजीगततर्फ ७ अर्ब ८७ करोड ७४ लाख रुपैयाँ (२२.०२ प्रतिशत) खर्च भएको छ । वित्तीय व्यवस्थापनतर्फ विनियोजन गरिएको रकम खर्च हुन सकेको छैन । प्रदेश सरकारको बजेटको सबैभन्दा ठुलो हिस्सा ओगटेको भौतिक पूर्वाधार विकास मन्त्रालयको बजेट खर्च न्यून देखिएको छ । चालु आर्थिक वर्षको ८ महिनाको अवधिमा भौतिक मन्त्रालयले चालुतर्फको कुल बजेटको ४१ प्रतिशत र पुँजीगततर्फ २४.४८ प्रतिशत खर्च गरेको छ ।

हरेक आर्थिक वर्षमा सरकारले आम्दानी र खर्चको अनुमानित आयव्यय सार्वजनिक गर्ने गर्दछ । तर, आम्दानी गर्ने लक्ष्य लिइएकोमा अपेक्षित उपलब्धी सरकारले लिन सकेको छैन । राजस्व संकलनको अवस्था कमजोर रहेको हो । चालु आर्थिक वर्ष (२०८०/०८१) को ८ महिना अवधिमा प्रदेश सरकारले राजस्व संकलन लक्ष्यको ३८ प्रतिशत मात्र गरेको छ । प्रदेश लेखानियन्त्रक कार्यालय, हेटौंडाका अनुसार चालु आर्थिक वर्षको यो अवधिमा सरकारले अनुमानको ३८.१० प्रतिशत राजस्व संकलन गरेको हो । यो दर अनुमानित लक्ष्यको ६१.९० प्रतिशत कम हो ।

प्रदेश सरकारले आर्थिक वर्ष ०८०/८१ मा ६२ अर्ब ७० करोड ९० लाख ७८ हजार रुपैयाँ राजस्व संकलनको अनुमान गरेको थियो ।

प्रदेश लेखानियन्त्रक कार्यालय हेटौंडाका प्रमुख हरिप्रसाद उपाध्यायका अनुसार चालु आर्थिक वर्षको ८ महिनामा सरकारले २३ अर्व ८९ करोड ३३ लाख ७५ हजार ७२० रुपैयाँ राजस्व संकलन गरेको हो । प्रदेश सरकारको आफ्नो स्रोतबाट संकलन हुने राजस्वअन्तर्गत कृषि, सरकारी सम्पत्तिको बहाल, पर्यटन शुल्क, यातायात, व्यवसाय रजिस्ट्रेसन, आमसञ्चार सञ्चालन तथा नवीकरणजस्ता क्षेत्रबाट उठ्ने राजस्व फागुन मसान्तसम्ममा ६३.२१ प्रतिशत संकलन गरेको कार्यालयले जनाएको छ ।

प्रदेश सरकारले आफ्नो स्रोतबाट चालु आर्थिक वर्षमा तीन अर्ब ७५ करोड ५२ लाख राजस्व संकलनको लक्ष्य लिएकोमा २ अर्व ३७ करोड ३५ लाख संकलन गरेको उपाध्यायले जानकारी दिए । संघीय र स्थानीय तहबाट बाँडफाँट हुने मूल्य अभिवृद्धि कर, आयकर, प्राकृतिक स्रोत उत्खनन् दस्तुर, मालपोत लगायतका राजस्वमार्फत अनुमानको ४७.३२ प्रतिशत संकलन भएको उनले बताए ।

# प्रदेश सरकारले अनलाइनबाटै रुट पर्मिट दिने



साझाकुरा संवाददाता

हेटौंडा, १३ चैत/ बागमती प्रदेश सरकारले अब अनलाइनबाटै पटके रुट पर्मिट दिने व्यवस्था मिलाएको छ । प्रदेशको श्रम, रोजगार तथा यातायात मन्त्रालयले अनलाइन माध्यमबाट पटके रुट इजाजत सेवा दिन सुरु गरेको हो ।

मन्त्रालय मातहतको यातायात व्यवस्था कार्यालयबाट यो सेवा प्राप्त गर्ने गरी अनलाइनबाटै पटके रुट इजाजत लिन पाइने मन्त्रालयका सूचना अधिकारी खगेन्द्र पौडेलले बताए । यो सेवाको मंगलबारबाट यातायात व्यवस्था सेवा कार्यालय, सल्लाघारी भक्तपुरबाट शुभारम्भ गरिएको छ । यातायात व्यवस्था कार्यालयबाट हाल प्रवाह भइरहेको पटके रुट इजाजत सेवालाई मन्त्रालयले विकास गरेको यातायात व्यवस्थापन सूचना प्रणाली (टिएमआइएस) मार्फत् जारी गरिने भएको हो ।

बागमती प्रदेशमा पहिलो पटक अनलाइनबाटै पटके इजाजतपत्र दिन सुरु गरिएको हो । सेवाग्राहीले आफ्नो अनुकूल रुट इजाजत लिन विवरण भरेर अनलाइनबाटै राजस्व तिर्न सक्ने र सो बापतको बिल मोबाइलमा देखाएर यात्रा गर्न सक्ने मन्त्रालयले जनाएको छ । यो योजनाको प्रभावकारिता हेरेर समयानुकूल परिमार्जन गर्दै अघि बढ्ने मन्त्रालयको तयारी रहेको सचिव बलराम निरौलाले बताए ।

प्रदेशको राजस्वको ठुलो हिस्सा ओगेटको यातायात क्षेत्रको प्रविधियुक्त विकास र प्रयोग गर्दै अघि बढ्ने मन्त्रालयको योजना रहेको सचिव निरौलाको भनाई छ । पहिलो चरणमा यो सुविधा रुट इजाजत भएका सडकमा लागु हुने र क्रमशः रुट इजाजत थप गर्ने तथा नभएका सडकमा पनि अनलाइनबाटै इजाजत दिने व्यवस्था गर्ने उनले बताए । राजस्व संकलनको हिसाबले पनि अनलाइनबाट रुट इजाजत जारी गर्ने काम फलदायी रहने सचिव निरौलाले बताए ।

प्रदेश सरकारले हरेक ५० किलोमिटर दुरीलाई १ युनिट कायम गरी एक पटकमा १५० रुपैयाँका दरले पटके रुट इजाजत शुल्क उठाउने गरेको छ । हरेक ५० किलोमिटरको दुरीमा इजाजत शुल्क १५० रुपैयाँका दरले थप हुने सचिव निरौलाले बताए ।

# मनहरी खोलामा नवजात शिशुको शव फेला

साझाकुरा संवाददाता

हेटौंडा, १३ चैत/ मकवानपुरको पश्चिमी क्षेत्रस्थित मनहरी गाउँपालिकामा नवजात शिशुको शव फेला परेको छ । मनहरी-७ रमौली बाङ्गेटोलस्थित मनहरी खोलाको बगरमा मंगलबार सालनालसहित नवजात शिशुको शव फेला परेको मकवानपुर प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार मंगलबार भर्खरै जन्मेको जस्तो देखिने नवजात (छोरा) शिशुको शव देखेपछि स्थानीयवासीले प्रहरीलाई खबर गरेको थिए । इलाका प्रहरी कार्यालय मनहरीबाट खटिएको प्रहरीले शिशुको शव पोष्टमार्टमका लागि हेटौंडा अस्पतालमा ल्याइएको मकवानपुरका प्रहरीप्रवक्ता प्रहरी नायवउपरीक्षक लक्ष्मी भण्डारीले जानकारी दिए ।

# नारायणी कलेजको भवनमा आगलागी



साझाकुरा संवाददाता

हेटौंडा, १३ चैत/हेटौंडा उपमहानगरपालिका-१०, स्थित तुलसीमेहर आवासीय मावि तथा नारयणी कलेजको भवनमा आगलागी भएको छ । मंगलबार साँझ ५ बजेतिर विद्युत सर्ट भएर अचानक आगलागी भएको विद्यालयका प्रधानाध्यापक रघुनाथ खरालले जानकारी दिए ।

हेटौंडा उपमहानगरपालिकाको वारुणयन्त्रले विद्यालय भवनमा लागेको आगो नियन्त्रणमा लिएको थियो ।

विद्यालयको नियमित पढाई सकिएपछि घटना भएकाले मानवीय क्षति भने नभएको खरालले जानकारी दिए । आगलागीमा भवनको पाँचौं तलामा रहेको सेमिनार हल पूर्णरुपमा क्षति पुगेको छ ।


## ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

हाम्रा विशेषताहरु:

- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।





सम्पर्क कार्यालय:
सितलमहल चोकबाट ॐ हल जाने बाटोमा

के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र
हेटौंडा-५, पिप्ले, मकवानपुर
सम्पर्क: ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५६२३५६९

## सम्पूर्ण ब्राण्डका गाडी
## एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# बालमैत्री घोषणा

हेटौंडा उपमहानगरलाई बालमैत्री घोषणा आगामी वर्षमा मात्रै हुने भएको छ । २०८० मंसिर मसान्तभित्रै हेटौंडालाई बालमैत्री घोषणा गर्ने तयारी गरेको उपमहानगरले बालमैत्री घोषणाका लागि पूरा गर्नुपर्ने न्यूनतम मापदण्ड पूरा गर्न अझै केही समय लाग्ने देखिएपछि घोषणा मिति धकेलिएको हो । बिगतमा खुला दिसामुक्त घोषणा, खुला चरिचरनमुक्त घोषणा, पूर्ण साक्षर घोषणा, पूर्ण खोप घोषणा, टुकीमुक्त घोषणा, खरको छानोमुक्त घोषणा जस्ता धेरै घोषणाबाट पाठ सिक्नु जरुरी छ । बालमैत्री घोषणापूर्व गर्नुपर्ने ५१ वटा सूचक पूरा नहुँदा आगामी वर्ष मात्रै हुने भएको हो । हालसम्म उपमहानगरमा तीनवटा विद्यालय मात्रै बालमैत्री घोषणा भएका छन् । बालमैत्री पालिका घोषणाका लागि पूरा गर्नुपर्ने कार्यसम्बन्धी ५१ वटा सूचकमा १५ वटा संस्थागत विकास सूचक, १४ वटा बालबचाउ सूचक, १० वटा बालसंरक्षण सूचक, बालविकासका सूचक र बाल सहभागिताका सूचक समान ६-६ वटा छन् । ती सूचकमध्ये बालसंरक्षणसम्बन्धी सूचकभित्र पर्ने बालविवाह, बालश्रम नियन्त्रण जस्ता कुरा चुनौतीपूर्ण छन् ।

५१ सूचकमा नवजातशिशुको स्वास्थ्य जाँच, दक्ष स्वास्थ्यकर्मीबाट सुत्केरी गराउने, ६ महिनासम्म बालबालिकालाई स्तनपान, ५ वर्षसम्मका बालबालिकालाई भिटामिन क्याप्सुल खुवाएको र सबै किसिमका खोप लगाएको हुनुपर्नेछ । यसका साथै खानेपानीको पहुँच, शौचालयको सुलभता जस्ता सूचक पनि पूरा हुनुपर्ने छ । २२ फागुनमा हेटौंडा उपमहानगर-८ कमानेमा रहेको चन्द्रोदय मावि र हेटौंडा-१६ मा रहेको जनप्रिय प्राविधिक मावि तथा संस्थागततर्फ हेटौंडा-२ मा रहेको बालजागृति इङ्लिस सेकेन्डरी स्कुल बालमैत्री घोषणा भएका हुन् । उपमहानगरप्रवक्ता सविन न्यौपानेले यही आर्थिक वर्षमा हेटौंडालाई बालमैत्री घोषणा गर्न सम्भव नभएको बताएका छन् । हालसम्म सबै सूचक पूरा नहुँदा २०८० सालभित्रै घोषणा नहुने अवस्था आएको हो । उपमहानगरले घोषणा लागि मात्रै सीमित गर्न नभई सम्पूर्ण सूचक पूरा गरेर दिगो हुने हिसाबले अगाडि बढेको बताइएको छ । उपमहानगरलाई २०८० मंसिरभित्रै बालमैत्री घोषणा गर्ने तयारी गरेका थियौं । तर, आवश्यक सूचक हालसम्म पूरा नहुँदा आगामी वर्षमा मात्रै घोषणा हुने सम्भावना देखिएको छ । घोषणाका लागि घोषणामात्रै गर्ने नभई परिपक्क र दिगो तरिकाले घोषणा गर्ने तयारी गरेका कारण ढिलाई हुन गएको बताइएको छ । त्यसका लागि हाल उपमहानगरका १९ वटै वडामा विभिन्न अभियान सञ्चालन गरिरहेको छ । सुरुमा उपमहानगरका सबै वडालाई बालमैत्री घोषणा गरेपछि मात्रै उपमहानगरलाई बालमैत्री घोषणा गर्ने तयारी छ । समाजमा सकरात्मक प्रभाव पार्नेगरी बालबालिकाको क्षेत्रमा सबैलाई संम्बेदनशील बनाउनेगरी अभियानमा लागेको बताइएको छ । बालअधिकार समिति क्रियाशील भएर काम गरिरहेको र प्रत्येक वडामा बालमैत्री स्थानीय शासन वडासमिति र वडा बालअधिकार समिति पनि क्रियाशील छ ।

समितिको निर्णयलाई कार्यान्वयन तहमा लैजान १९ वटै वडामा १९ जना सहजकर्ता र नगरमा एकजना सहजकर्ता खटाइनुका साथै १९ वटै वडामा जनप्रतिनिधिमध्येबाट एक/एकजना बालमैत्री सम्पर्क व्यक्तिका रुपमा चयन गरिएको छ । उपमहानगरले छिटो घोषणा गर्नुभन्दा पनि अर्थ हुनेगरी काम गर्नुपर्ने बताइएको छ । विगतमा घोषणा भएका पालिकाको समीक्षा गरेर सुक्ष्म तरिकाले काम गर्न सरोकारवालाले सुझाव दिएका छन् । हतार गरेर घोषणा गर्दा समस्या दोहोरिने र सबै सूचक पूरा गर्न बाँकी रहेकै अवस्थामा हतार गरेर घोषणा गर्नुभन्दा केही समय लिएर घोषणा गर्न आग्रह गरिएको छ । हेटौंडालाई बालमैत्री बनाउन मुख्य चुनौतीका रुपमा बालश्रम र बालविवाह रहेको छ । मकवानपुरको मनहरी गाउँपालिका, बकैया गाउँपालिका र मकवानपुरगढी गाउँपालिका बालमैत्री घोषणा भइसकेको छ तर, ती पालिकामा घोषणा भएको एकवर्ष नबित्दै बढ्दो अवस्थामा देखिएको बालश्रम र बालविवाहले बालमैत्रीलाई निरन्तरता दिन चुनौती देखिएको छ । सरोकारवाला स्थानीय तहलाई बालमैत्री घोषणा गर्नभन्दा पनि त्यसलाई निरन्तरता दिनु ठूलो चुनौती हुने बताउँछन् ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६११९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० चैत १५ गते बिहीबार २८ मार्च २०२४ । तृतीया, चैत्र कृष्णपक्ष । चिल्लागा ११४४ ने.सं. । सूर्योदय ६:१, सूर्यास्त ६:१९ । नाला मत्स्येन्द्रनाथ रथजात्रा

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : धार्मिक काममा रुचि बढ्नेछ | **तुला** | : चिन्ता, भय र आशंका बढ्नेछ |
| **वृष** | : काममा एकरुपता आउनेछ | **वृश्चिक** | : सन्तोष र प्रतिष्ठा मिल्नेछ |
| **मिथुन** | : यात्राबाट लाभ हुनेछ | **धनु** | : काममा प्रगति हुनेछ |
| **कर्कट** | : धनको समस्या पार लाग्नेछ | **मकर** | : व्यापारमा लाभ हुनेछ |
| **सिंह** | : दिन राम्रोसूग बित्नेछ | **कुम्भ** | : परीक्षामा सफलता मिल्नेछ |
| **कन्या** | : चोट लाग्ने सम्भावना देखिन्छ | **मीन** | : पढाइमा रुचि बढ्नेछ |

# बाल हिंसा किन रोकिन्न ?



✍ गोविन्द विक

नेपालको संविधान २०७२ ले बाल हिंसालाई पूर्ण रूपमा निषेध गरेको छ । संविधानको धारा ३९ मा बालबालिका सम्बन्धी हकको व्यवस्था छ । धारा ३९ को उपधारा ६ मा कुनै पनि माध्यम वा प्रकारले बालबालिकामाथि दुर्व्यवहार, उपेक्षा वा शारीरिक, मानसिक, यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न नपाइने उल्लेख छ ।

यसैगरी सोही धाराको उपधारा ७ मा कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन नपाइने व्यवस्था छ । यदि यी व्यवस्था विपरीतका कार्य भए दण्डनीय हुने स्पष्ट व्यवस्था समेत संविधानमा गरिएको छ । बालबालिकामाथि हुने हिंसालाई कानुनले निषेध गरे तापनि व्यावहारिक रूपमा बालबालिकामाथि हिंसा रोकिएको छैन ।

बालबालिका सम्बन्धी बनेका अन्तर्राष्ट्रिय महासन्धिहरूको पक्ष राष्ट्र नेपाल पनि हो । बालबालिकाको अधिकार पूर्ण रूपमा सुनिश्चित गर्नका लागि राज्यको प्रतिबद्धता पनि छँदैछ । संघीय कानुनसँग नबाझिने गरी स्थानीय तहले कार्यविधि निर्देशिका बनाएर काम गर्ने अधिकार हुँदाहुँदै पनि बालअधिकार सुनिश्चितताका लागि प्रभावकारी काम भएको पाइँदैन ।

बालबालिका सम्बन्धी ऐन २०७५ ले पनि बालमैत्री व्यवहारका विषयमा प्रष्ट पारेको छ । सबै स्थानीय तहमा नगर र वडा स्तरको बालअधिकार गठन गरी बालअधिकार प्रवर्द्धन सहित बालबालिकाको हितमा काम गर्ने व्यवस्था छ । सबै स्थानीय तहमा बालकल्याण अधिकारीको नियुक्ति गरी बालहितमा काम गर्नुपर्ने नीतिगत व्यवस्थामा कुनै कमि छैन । बालबालिका सम्बन्धी बनेको पछिल्लो नियमावली २०७८ मा पनि बालमैत्री व्यवहारदेखि बालबालिकाको क्षमता वृद्धिसम्मका नीतिगत व्यवस्था उल्लेख गरिएकै छन् । राष्ट्रिय बालअधिकार परिषद्का अनुसार एकदेखि चौध वर्ष उमेर समूहका बालबालिकामध्ये ८२ प्रतिशतले शारीरिक तथा मानसिक कुनै सजाय पाएको देखिएको छ । प्रहरी प्रधान कार्यालय महिला बालबालिका तथा ज्येष्ठ नागरिक सेवा निर्देशनालयको तथ्याङ्क अनुसार आर्थिक वर्ष २०७७/७८ मा विभिन्न किसिमका लैंगिक हिंसाबाट २ हजार ५४३ जना बालबालिका पीडित भएको पाइएको छ ।

नेपाल प्रहरीको २०७८/७९ को रेकर्ड हेर्दा पनि ९६ जना बालिकामाथि जबरजस्ती करणी भएको र त्यसमध्ये ६१ जना बालिका ११ देखि १६ वर्ष उमेरका रहेको देखिन्छ । जबरजस्ती करणी हुनेमा ११ देखि १८ वर्ष उमेरका बालिकाको संख्या ५६ प्रतिशत रहेको अध्ययनले देखाउँछ । यसरी बालिकाहरू असुरक्षित बनिरहनु भनेको बालअधिकार कार्यान्वयनमा राज्यका लागि थप चुनौती देखिनु हो ।

कलिला बालबालिकालाई यौनको भोक मेट्ने साधनको रूपमा जबरजस्ती स्थापित गर्न खोज्नेहरूको भीडले आज हरेक बालिकाहरूलाई त्रसित मात्रै बनाएको छैन उनीहरूको अस्तित्व नै धरापमा पार्ने काम समेत भइरहेको छ ।

विशेषगरी बालबालिका असुरक्षित हुनुमा राज्यको कमजोरी त छँदैछ अभिभावकको बेवास्ता पनि त्यत्तिकै जिम्मेवार छ । घरमा होस् वा विद्यालयह छात्रावासमा होस् वा बालआश्रम बालिकाहरू असुरक्षित भइरहेका छन् । निर्मला पन्त, सम्झना कामी, भागीरथी भट्टराई, कोशिला कुमारी यी बालिकाहरूको हत्या सम्झँदा अझै पनि हाम्रो मन बेचैन हुन्छ । चितवनकी शलिना पोखरेलको मृत्यु प्रकरणले सिंगो राष्ट्रलाई नै रुवाएको छ । पारिवारिक विखण्डनको मारमा परेकी शलिना घाँटीमा पासो लगाएर झुन्डिएको कारण मृत्यु भएको पोष्टमार्टम रिपोर्टले देखाएको छ ।

विशेषगरी बालबालिकामाथि हुने हिंसाजन्य घटनाबाट जोगाउनका लागि आभिभावकको भूमिका महत्वपूर्ण हुने कुरामा कुनै द्विविधा छैन । बालबालिकाका लागि पहिलो सुरक्षाकर्ता बुबा-आमा नै हुन् । बालबालिकालाई शोषणरहित वातावरणमा हुर्कने अवसर अभिभावकले तयार गर्ने हो तर कतिपयका घर परिवारमा त्यस्तो देखिएको छैन । अभिभावकको विच्छेद वा बुबा-आमाको विखण्डनमा परेका वा पारिएका परिवारको मायाभन्दा निकै पर रहेका बालबालिका हिंसामा परेका छन् ।

सबै स्थानीय तहमा बाल मनोसामाजिक कर्ता हुनुपर्ने कानुनी व्यवस्था छ तर पनि अझैसम्म कतिपय स्थानीय तहहरूले बाल मनोसामाजिक परामर्शकर्ताको व्यवस्था गरेका छैनन् । जसका कारण समस्यामा परेका बालबालिकालाई पहिचान गरी दुर्घटनाबाट जोगाउन नसकिएको देखिन्छ । कुनै पनि बालक वा बालिका पारिवारिक वा व्यक्तिगत समस्याले विचलित भएको अवस्थामा मनोसामाजिक परामर्श दिन सकियो भने सम्भावित दुर्घटनाबाट जोगाउन सकिन्छ तर अभिभावक वा संरक्षकको ध्यान यसतर्फ भएको देखिँदैन ।

बालिकामाथि हुने हिंसा, बलात्कारमा संलग्न जो-कोहीलाई पनि कारबाहीको संरक्षण गर्नु अर्को अपराध भइरहेको पनि देखिन्छ । जब दुर्घटना हुन्छ त्यसलाई सामान्य रूपमा लिएर विभिन्न संघ-संगठनहरू पीडकलाई उन्मुक्ति दिने प्रपञ्चमा लिप्त हुने गरेका नजिरहरू पनि नभएका होइनन् । घटनाहरू सामसुम पार्ने खेलहरू पनि भएका समाचार पढ्न पाइन्छ । पितृसत्तात्मक मानसिकतामा रुमलिएको हैकमवादी व्यवहारको अभ्यासले महिलालाई जहिल्यै पनि कमजोर र सन्तान उत्पादनको कारखाना मात्रै सोच्ने प्रवृत्तिको अन्त्य नगरुन्जेल बालिकाहरू यौन पिपासुको शिकार बनिरहन्छन् ।

बलात्कारको विरुद्धमा कानुनी अवस्थाको कुरा गर्दा मुलुकी अपराध संहिता २०७४ ले जबरजस्ती करणीको मुद्दामा पीडितको उमेर अनुसार सजायको फरक-फरक व्यवस्था गरेको छ । संहिताको परिच्छेद १८ मा करणी सम्बन्धी कसुरमा पीडित १६ वा त्यसभन्दा बढी १८ वर्षसम्मका महिला भए १० देखि १२ वर्षसम्म कैद सजायको व्यवस्था गरेको छ । पीडित १८ वर्षभन्दा माथि उमेरको महिला भए ७ देखि १० वर्षसम्म सजाय तोकिएको छ ।

बालिकाहरूमाथि हुने हिंसा र बलात्कारका घटना कुनै कोणबाट क्षम्य हुँदैनन् र हुनु पनि हुँदैन । विशेषगरी पहिलो सुरक्षाकर्ता अभिभावक नै आफ्ना बालबालिकाप्रति सचेत र चनाखो हुनु पहिलो शर्त हो । राज्यले पनि बालिकाहरूमाथि हुने गरेका हिंसाजन्य अपराधहरूमा कडा निगरानी राख्नुपर्दछ । राज्यले बालबालिकाको अधिकार प्रचलनका लागि व्यवहारमै कार्यान्वयन गर्न अझै सशक्त हुनु आवश्यक छ ।

विशेषगरी स्थानीय तहले बालबालिकाको सुरक्षाको लागि पहिलो प्राथमिकताका साथ सामाजिक जागरण अभियान सशक्त रूपमा सञ्चालन गर्न आवश्यक छ भने अभिभावकहरूले आफ्ना बालबालिकालाई हिंसाबाट जोगाउनका लागि पर्याप्त समय दिन आवश्यक छ । बालबालिकाका लागि काम गर्ने विभिन्न गैरसरकारी संस्थाहरूले पनि बालिकाहरूको सुरक्षाका लागि विशेष संरक्षण अभियान थाल्न जरूरी छ ।

*(साभार: अनलाइनखबर)*

# अझै एसईई हाउगुजी !

✍ नगेन्द्रराज पौडेल

तर पनि कक्षा १० मा अर्को परीक्षा साबिकको एसएलसीकै ढाँचामा एसईईका नाउँमा लिइँदै आइएको छ। उक्त परीक्षालाई जतिसुकै फलामे ढोका होइन भनिए पनि सरकारी प्रचारप्रसार, विद्यालयको आन्तरिक तामझाम र विद्यार्थी मनोविज्ञानका कारण फलामे ढोकाकै रुपमा खडा गरिएको छ। एउटा कक्षाको अन्तिम परीक्षालाई जसरी लिनुपर्ने हो त्यसरी नलिएकै कारण विद्यार्थी र अभिभावक दुवैका लागि अनावश्यक बोझका रुपमा उक्त परीक्षा खडा भएको छ ।

हिजो बच्चालाई डराउन दिनुपऱ्यो भने हाउगुजी आयो भन्ने गरिन्थ्यो । नदेखिने तर नाम सुन्दासाथ डराउने विम्ब थियो हाउगुजी । आज शिक्षाको संरचना बदलिएको छ । विगतमा माध्यमिक तहको अन्तिम कक्षा १० थियो भने अहिले १२ कक्षा माध्यमिक तहको अन्तिम कक्षामा रुपान्तरित भएको छ । बालविकासदेखि कक्षा १२ सम्म विद्यालय शिक्षाको संरचना कार्यान्वयनमा आएको छ । यो संरचना अनुसार विगतमा लिइँदै आएको माध्यमिक तहको अन्तिम परीक्षा एसएलसी हटिसकेको छ ।

शिक्षा मन्त्रालयअन्तर्गतको परीक्षा नियन्त्रण कार्यालय (कक्षा १०) ले यस वर्षको यही चैत १५ देखि शुरु हुने माध्यमिक शिक्षा परीक्षा (एसईई)मा देशभरका ५ लाख ४ हजार ४ सय १४ विद्यार्थी सहभागी हुने बताएको छ । यसपटक देशभर २ हजार ६४ वटा केन्द्र रहने र प्रत्येक केन्द्रबाट २ सय ५० विद्यार्थीले परीक्षा दिने प्रारम्भिक तथ्यांक उक्त कार्यालयले सार्वजनिक गरिसकेको छ । परीक्षाको तयारी अन्तिम चरणमा पुगेको छ । एसईईका लागि शुरुमा भारत गएर प्रश्नपत्र छपाइ गर्ने प्रचलन थियो । तर आजकल भने उक्त काम शिक्षा मन्त्रालय मातहतकै जनक शिक्षा सामग्री केन्द्रले गर्ने गर्दछ ।

एसईई परीक्षा सञ्चालनका लागि ७७ हजार ५ सय जनशक्ति परिचालन गरिने बताइएको छ । परीक्षा नियन्त्रण कार्यालयका अनुसार सुरक्षाकर्मी, केन्द्राध्यक्ष, सहायक केन्द्राध्यक्ष, निरीक्षक, सहायक निरीक्षक र कार्यालय सहयोगीसहित एउटा परीक्षा केन्द्रमा कम्तीमा पनि सबै गरी ४० जना जनशक्ति खटिने जनाइएको छ । सुरक्षा संवेदनशीलता भएका केन्द्रमा भने बढी जनशक्ति परिचालन हुने पनि जनाइएको छ । कार्यालयको यो प्रचारप्रसार र तामझाम विद्यार्थीका लागि मनोवैज्ञानिक हाउगुजी नै हो । एसईई केही होइन भन्दा पनि सवर्स्व नै एसईई हो भन्ने भाष्य सरकारी तामझामबाटै पुष्टि गराउन खोजिएको छ, जुन आवश्यक र स्वाभाविक छैन ।

**मूल्यांकन पद्धति**

एसईईको नतिजा विगत ८ वर्षदेखि अक्षरांकन पद्धतिमा प्रकाशत हुन थालेको छ । यसले गर्दा पहिले-पहिलेजस्तो बोर्ड फस्ट, टपटेनका लागि विद्यालयबीच होडबाजी र अनावश्यक लबिङमा कमी आएको छ । यो पद्धतिबाट मूल्यांकन गर्दा निर्माणात्मक मूल्यांकन गर्न खोजेको देखिए पनि ४ जीपीएका लागि विद्यालयको प्रतिस्पर्धा चली नै रहेको छ । जति बढी ४ जीपीए त्यति नै बढी राम्रो स्कुल भन्ने भाष्य यसबीचमा खडा गर्न खोजिएको छ । यस पद्धतिबाट नतिजा प्रकाशन हुन थालेपछि २०७३ सालमा ४ जना, २०७४ मा ७४ जना, २०७५ मा १०६ जनाले ४ जीपीए ल्याएका थिए । कोरोना काल (२०७६) मा भने आन्तरिक परीक्षाका आधारमा ९३१९ जना र २०७७ मा ८ हजारभन्दा बढीले ४ जीपीए ल्याएका थिए । त्यसपछि भने उक्त जीपीए ल्याउनेको संख्या ह्वात्तै घटेको छ ।

**परीक्षाफल र व्यवहार**

कुनै पनि परीक्षाको परिणाम र त्यसपछिको व्यवहारबीच तालमेल नै छैन । तालमेल हुँदो हो त एसएलसीमा नेपाल प्रथम भएका गरिमा राणाहरु आज यो देशका सय-पचास जनाभित्र दर्ज हुन्थे । एउटा विधा समातेर त्यसैबाट आफूलाई उत्कृष्ट साबित गराउँथे । तर घोकन्ते विद्या, सिकेको कुरालाई ३ घण्टामा ओकल्नुपर्ने बाध्यता, परीक्षाको दिन बिरामी वा अन्य कारणले अनुपस्थित हुन नपाइने प्राविधिक बाध्यताका कारण जतिसुकै मेधावी विद्यार्थी भए पनि असफल परिणाम हात लाग्छ । यसै कारण शिक्षामा गुणस्तर र व्यावहारिक परिवर्तन दुवै देखिँदैन । पढ्यो, घोक्यो, पास गऱ्यो सकियो । जति धेरै अंक त्यति धेरै गुणस्तर- यो नै सम्प्रति शैक्षिक उपलब्धिको सूचक बनेको छ ।

**विकल्प साचौं**

धेरै भयो परीक्षा लिन थालेको । वर्षदिन पढेको कुरालाई तीन घण्टामा ओकल्न सके उसको सिकाइ पूरा हुने नत्र नहुने परीक्षा पद्धति नै घातक छ । यसले घोक्नमा जोड दिन्छ, सिक्नमा होइन । जापानमा मन, वचन र कर्मले अरुलाई चोट नपुऱ्याऊँ भन्ने कुरा त्यहाँका केटाकेटीलाई सानैबाट सिकाइन्छ र व्यवहार अवलोकन गरिन्छ । हामीकहाँ 'बाबुलाई सम्मान गर्नुपर्छ' भनेर पढाइन्छ । परीक्षामा 'बाबुलाइ के गर्नुपर्छ' भनेर सोधिन्छ, दिनहुँ त्यही बाबुसँग झगडा गरेर विद्यालय आए पनि उत्तरमा 'सम्मान गर्नुपर्छ' लेख्यो भने ऊ पास हुन्छ । यस्तो परीक्षा प्रणाली हामीले कति दिन जारी राख्ने ? यस्तो परीक्षामा रुप छ तर सार छैन । सार नभएको परीक्षामा हामी कति दिन अड्किने ? अब पनि परीक्षाको विकल्प नसोचे कहिले सोच्ने ?

चीनमा एउटा उखान छ- मलाई एक किलो माछा उपहार होइन माछा मार्नका लागि सीप देऊ, ताकि म आफैंले मन लागेको बेला माछा मारेर खान सकूँ । तर आजकल हाम्रो पठनपाठनमा सैद्धान्तिक कुरा मात्र छ, सीप छैन । व्यावहारिक पक्ष उपेक्षित नै छ । कोरा ज्ञान, घोकन्ते विद्यामा नै हाम्रो शैक्षिक प्रणाली आजसम्म चलिरहेको छ । के सिक्यो हैन, कति अंक ल्यायो भन्ने नतिजाको पर्खाइमा रहेका अभिभावकलाई सन्तुष्ट पार्नेबाहेक गरिखाने शिक्षा पटक्कै दिन सकिएको छैन । यो आजको विडम्बना नै हो । कोरा किताबी ज्ञानले आज कसैको पनि गुजारा हुने अवस्था छैन । गर्जो टार्न नसक्ने शिक्षा, शिक्षा नै होइन ।

**व्यवहारमा परिवर्तन खै ?**

शिक्षा आर्जन गर्नु भनेको घोक्नु मात्र होइन, सिकाइ हुनु पनि हो । सिकाइ हुनु भनेको व्यवहारमा आएको स्थायी सकारात्मक परिवर्तन हो । यो परिवर्तन मापनीय हुनुपर्छ र यसका लागि व्यावहारिक शिक्षा नै चाहिन्छ । अमेरिका, युरोप, जापान, चीनलगायतका मुलकहरूको उन्नति र प्रगति व्यावहारिक शिक्षाको विकासको कारणले गर्दा नै भएको हो । शिक्षाले व्यक्तिलाई सत्य कुराको ज्ञान प्रदान गरेर मात्र पुग्दैन, कुनै पनि काम गर्न सक्ने सीप अर्थात् खूबी प्रदान गर्न सक्नुपर्छ । हामीकहाँ विद्यालय शिक्षाको सन्दर्भमा होस् वा विश्वविद्यालयको सन्दर्भमा, संख्यात्मक हिसाबमा शिक्षाको विकास धेरै नै भएको छ । तर गुणस्तरको पाटो कमजोर छ । पढेर देश नै छोडनुपर्ने शिक्षाको कुनै दरकार हुँदैन । शिक्षाले त देशमा टिकाउन सक्नुपर्छ । बजारमा बिकाउन सक्नुपर्छ । तर जति पढ्यो त्यति बेरोजगार हुने शिक्षा राष्ट्रका पक्षमा हुनै सक्दैन ।

**सिक्नै पर्ने कुरा**

मेरो छोराले के सिकोस् भन्ने सवाल गर्दै अमेरिकी पूर्वराष्ट्रपति अब्राहम लिंकनले आफ्नो छोरा पढ्ने विद्यालयका प्रधानाध्यापकलाई यस्तो पत्र लेखेछन्- 'मेरो छोराले सबै मानिस एकै किसिमका हुँदैनन् भन्ने कुरा सिकोस् । समाजमा दुष्ट मानिस छन् र सज्जन पनि छन् । स्वार्थी राजनीतिज्ञ पनि छन् भने समर्पित निष्ठावान् नेता पनि छन् । त्यस्तै शत्रु पनि छन् र मित्र पनि छन् । उसलाई सित्तैमा पाएको हजारौं डलरभन्दा परिश्रम गरी कमाएको एक डलर बढी मूल्यवान् हुन्छ भन्ने कुरा बताइदिनुहोस् भनेका छन् ।'

लिंकन अगाडि लेख्छन्- 'मेरो छोरो जतातिर हुल छ त्यतातिर लाग्ने प्रवृत्तिको नहोस् । उसलाई कहिलेकाहीँ आँखाबाट आँसु झार्न लाजमर्दो कुरो होइन भनिदिनुहोस् । ऊ आफ्नो बाहुबल, बुद्धि र सामर्थ्यमा विश्वास गरोस् । सम्झनुहोस्, आगोको लप्काबाट नै फलाम खारिन्छ । ऊभित्र साहस र सधैं केही गरौं भन्ने भावना भइरहोस् । मेरो छोरो स्वयम् निर्भीक, साहसी र उत्साही बन्न प्रेरित भइरहोस् अनि मात्र ऊ मानवताप्रति नरम र आस्थावान् हुन सक्छ ।'

मानवता हराउँदै गएको, पढेर पनि अनपढ व्यवहार गर्ने वर्तमान युवापुस्ताका लागि लिंकनको उक्त सन्देश निकै मार्मिक र आजका सन्दर्भमा उपयुक्त पनि देखिन्छ । आजको पठनपाठनले न सीप दिएको छ, न व्यवहार । तसर्थ व्यावहारिक पक्षमा लिंकनको उक्त आकांक्षाले आम नेपाली अभिभावकको प्रतिनिधित्व गर्दछ । हामीले खोजेको एकथरी शिक्षा यस्तै पनि हो ।

आज पनि हाम्रो शिक्षा पद्धति घोकन्ते छ, सैद्धान्तिक छ । हाम्रा बालबालिकाको चाहना र हाम्रो शिक्षा पद्धतिबीच सामीप्यता छँदै छैन । राम शाह मरेको इतिहास घोकेर आजका विद्यार्थीले के पाउने ? प्रजातन्त्र आएको कुरा २००७ साल फागुन ७ गतेको सट्टा कसैले फागुन ६ वा ८ गते भन्यो भने के नै बिग्रला ? बढीमा यस्तो सामान्य कुरा पनि जानेन भनिएला, कुरा यत्ति हो । यो जान्नु र नजान्नुसँग बच्चाको दैनिकी गुजारामा तात्विक अन्तर आउँदैन । बरु आजका विद्यार्थीले प्रजातन्त्र आएको कुरा, तिथि, बार र समय घोकेर भन्दा गुगलमा सर्च गरेर पत्ता लगाउन चाहन्छन् । आज उनीहरुलाई गुगल हेरेर यो चाहना पूरा गरिदिने शिक्षा चाहिएको छ । आजका बच्चाहरुलाई तयारी हालतको भन्दा सिर्जनशील बनाउने शिक्षा चाहिएको छ । कति पढ्ने भन्दा पनि के पढ्ने भन्ने सवाल नै आजको शिक्षाको मुख्य मुद्दा हो । यसका लागि विद्यार्थीलाई विद्यालय जाऊँ-जाऊँ लाग्नुपर्छ । करले होइन, रहरले विद्यालय जाने वातावरण बनाउनुपर्छ र यसका लागि उसको रुचि, इच्छा र चाहनाअनुसारको विषय पढ्न पाउनुपर्छ । स्वस्फुर्त सिकाइ वातावरण हुनुपर्छ ।

प्रजातन्त्रको उदयताका २००७ सालमा हामीसँग २ प्रतिशत साक्षरता दर थियो । आज संघीय गणतान्त्रिक व्यवस्थाको अभ्यासमा जुट्दै गर्दा यो दर बढेर ७० प्रतिशतभन्दा माथि पुगेको सरकारको दाबी छ । यो सन्तोषको विषय हो । तर पढेका जनशक्तिमध्ये कतिजना रोजगारीमा लागे भन्ने कुरा पनि महत्वपूर्ण हो । बजारमा बिकाउ नहुने र ज्ञानमा टिकाउ नहुने शिक्षा प्रदान गरेर बर्सेनि बेरोजगार उत्पादन गर्ने शिक्षा कुन हदसम्म जारी राख्ने भन्ने कुरा आजको मुख्य समस्या हो ।

यसै कारण व्यावसयिक शिक्षा आजको मुख्य आवश्यकता थियो । तर हामीले विगतमा भएको पूर्वव्यावसायिक विषयलाई पनि पाठ्यक्रमबाट हटायौं । भएको अलिकति सीप सिक्ने प्रयोगात्मक पक्ष पनि हटायौं । विगतमा कक्षा ८ बाट ऐच्छिक विषयका रुपमा बागबानी लिन सकिन्थ्यो । त्यो अवसर पनि आजका विद्यार्थीलाई दिएनौं । जसले गर्दा गरिखाने शिक्षाको अभावमा प्रमाणपत्रहरु खोटोमर हुन थाले । दराजभरि प्रमाणपत्रहरु थन्किएका छन् तर ती प्रमाणपत्रहरुको बजार भाउ शून्य छ । आजको मूल समस्या नै यही हो ।

आजको आवश्यकता भनेको प्राविधिक शिक्षा हो । ९-१२ कक्षाको प्राविधिक धारले मात्र यो आवश्यकता पूरा गर्न सक्दैन । आधारभूत ज्ञान कक्षा ८ सम्म दिइए पनि कक्षा ९ बाट पूरै श्रम र सीपमा आधारित प्राविधिक शिक्षा नै दिनुपर्छ । कलेजस्तरमा प्रदान गरिने सैद्धान्तिक ज्ञानलाई पूरै भत्काएर प्रविधिमा आधारित शिक्षा प्रदान गर्न जरुरी छ । तर आज पनि हाम्रा अधिकांश विश्वविद्यालयहरु सामान्य धारकै शिक्षा दिन रुचाउँछन् । यो अर्को विडम्बना हो ।

यही अवस्था रहेसम्म एसईई मात्र होइन, सबै परीक्षा डर र त्रासका बीच सम्पन्न हुनेछन् र परीक्षाफलका आधारमा व्यक्तिको व्यवहारमा पटक्कै परिवर्तन आउनेछैन ।

*(साभार: नेपाल समाचार-पत्र)*

# रुस जान फेरि खुल्यो श्रम स्वीकृति, युद्धग्रस्त क्षेत्रमा सुरक्षाको प्रश्न

काठमाडौं/सरकारले रुसमा नेपालबाट रोजगारीका लागि जान रोक लगाउने निर्णय फिर्ता लिएको छ । युक्रेनसँग युद्ध लडिरहेको रुसका जुनसुकै क्षेत्रमा काम गर्न जान दिने गरी श्रम स्वीकृति खुला भएको हो । सरकारको यस्तो अपरिपक्व निर्णयले रुसभित्रका युद्धबाट अतिप्रभावित र सुरक्षा जोखिम उच्च भएका क्षेत्रमा नेपालीहरु पुग्ने र थप असुरक्षा बढ्ने चिन्ता विज्ञहरुको छ ।




रुसका कतिपय क्षेत्र युद्धबाट सुरक्षित रहेपनि कतिपय क्षेत्रमा अझै उच्च जोखिम छन् । सरकारले सुरक्षित र असुरक्षित क्षेत्रको कुनै विश्लेषणसमेत नगरी एकसाथ सबै क्षेत्रमा काम गर्न दिन सकिने गरी श्रम स्वीकृति खोलेको हो ।

युद्धग्रस्त देश रुसमा पुगेर नेपालीहरु सेनामा भर्ना भइरहेको भन्दै रोक लगाएको करिब दुई महिनापछि श्रम स्वीकृति खुला गरिएको हो । म्यानपावर एजेन्सीहरुको दबाबका कारण समेत सरकारले संस्थागत श्रम स्वीकृतिसहित पुन: श्रम स्वीकृत खुला गरेको हो ।

सरकारले रुसमा पुगेर नेपालीहरु सेनामा भर्ना भइरहेको भन्दै गत १९ पुसमा रुस र युक्रेनमा सबैखाले श्रम स्वीकृति अनिश्चित कालका लागि स्थगन भएको थियो । वैदेशिक रोजगारीको सिलसिलामा संस्थागत वा व्यक्तिगत रुपमा नेपाली नागरिक रूस जाँदा हुन सक्ने थप क्षतिलाई न्यूनीकरण गर्न र यस विषयलाई मध्यनजर गर्दै श्रम स्वीकृति स्थगन गरिएको सूचनामा उल्लेख थियो ।

त्यसको करिब दुई महिनापछि फागुनको दोस्रो हप्ता श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले श्रम र पुन: श्रम स्वीकृति खुला गरेको हो । मन्त्रालयले पुन: श्रम स्वीकृति खुला गरेको १५ दिनपछि संस्थागततर्फको श्रम स्वीकृति पनि खुला गरेको छ । वैदेशिक रोजगार विभागका अनुसार व्यक्तिगत रुपमा जाने श्रम स्वीकृति भने अझै खुला गरिएको छैन ।

वैदेशिक रोजगार विभागका महानिर्देशक डण्डुराज घिमिरे श्रम स्वीकृति लिएर गएकाहरुमा रुसी सेनामा संलग्न नरहेकाले श्रम स्वीकृति खोलिएको बताउँछन् । उनले विभागले श्रम स्वीकृति लिएर रुस गएका ९३ र ५६ जनामाथि अध्ययन गरेको बताए । जसमा संस्थागत रुपमा श्रम स्वीकृति लिएकाहरु कोही पनि रुसी सेनामा भर्ना भएको देखिएन ।

'श्रम स्वीकृति लिएर गएकाहरु जे कामका लागि गएका हुन्, त्यही नै गरिरहेको भेटियो,' उनले भने, 'त्यसरी जानेहरु रुसी सेनासँग कुनै पनि संलग्नता नदेखिएपछि श्रम स्वीकृति खोल्नुपर्ने अवस्थामा आयो ।' तर, व्यक्तिगत रुपमा श्रम स्वीकृत लिएर जानेहरुको हकमा भने अझै खोल्नुपर्ने आधार नभेटिएको उनले बताए ।

त्यस्तै रुसमा व्यापार व्यवसाय र काम गरिरहेकाहरु अप्रवासी नेपालीहरुको हकमा समस्या हुँदा पुन: श्रम स्वीकृति खोल्नुपर्ने अवस्था आएको विभागका महानिर्देशक घिमिरेले बताए ।

'लामो समयदेखि रुसमै बसेर व्यवसाय गरिरहेका र श्रम गरिरहेका थुप्रै नेपालीहरु हुनुहुँदो रहेछ' उनले भने, 'श्रम पुन: स्वीकृति बन्द हुँदा उहाँहरुलाई समस्या हुने देखिएपछि पुन: श्रम स्वीकृति पनि खोल्यौं ।'

विज्ञहरु भने सरकारले युद्धग्रस्त मुलुकमा नेपाली श्रमिक पठाउन अनुमति दिनुअघि त्यहाँ श्रमिकको जीवन रक्षा सुनिश्चित हुने/नहुनेबारे तथ्यपूर्ण विश्लेषण आवश्यक देख्छन् । वैदेशिक रोजगार मामिलाका विज्ञ रामेश्वर नेपाल श्रमिकको सुरक्षा हुने सुनिश्चितता पहिलो शर्त भएको बताउँछन् ।

'युद्धग्रस्त देशमा सेनामा भर्ती हुन्छन् वा हुँदैनन् भन्ने आधारमा मात्रै निर्णय लिनु ठीक हुँदैन, उनीहरुको जीवन रक्षा न्युनतम् शर्त भएकाले त्यो ग्यारेन्टी गरेर श्रम स्वीकृति खोलिएको हो भने आपत्ति जनाइरहनुपरेन,' उनले भने,' सुरक्षा पहिलो भन्ने कुरालाई सरकारले ध्यान दिनुपर्छ ।'

युद्धग्रस्त देशमा घुम्न जान समेत ट्राभल एड्भाइजरी जारी हुने गरेको भन्दै उनले काम गर्न जान दिने विषयमा सरकारले संवेदनशील भएर सोच्नुपर्ने बताए । 'अफगानिस्तानमा श्रमिक पठाउँदा ग्रिन जोनभित्र जान दिने अभ्यास सुरक्षा सुनिश्चित हुने गरी थियो, हो त्यसैगरी श्रमिकलाई कुनै न कुनै रुपमा सुरक्षा सुनिश्चितताको खोजी गर्नुपर्छ,' उनले भने,'रुसभित्रकै युद्धग्रस्त क्षेत्रमै श्रमिक जान्छन् भने त्यहाँ सेनामा भर्ति हुँदैनन् भनेर पठाउँदाको नतिजाबारे अहिले नै सोच्नुपर्छ ।'

**अवैध मार्गबाट रुसी सेनामा**

नेपालबाट भने श्रम स्वीकृति लिएर पछिल्लो १८ महिनामा नेपालबाट ७७२ जनाले श्रम स्वीकृति लिएर गएका छन् । आर्थिक वर्ष ०७९/०८० मा ३८६ जना रुस गए । चालु आर्थिक वर्षको साउनमा ५३, भदौमा १ सय ६१, असोजमा ४७ र कात्तिकमा ४३, मंसिरमा ३९ छन् । गत पुसदेखि नै रोक लगाइएकाले पुस, माघ र फागुनमा यो संख्या सुन्य छ ।

रुसी सेनामा भर्ना हुन नेपाल सकारबाट श्रम स्वीकृति जारी हुँदैन । त्यसैले भिजिट भिसा र विद्यार्थी भिसामा गएर भर्ना भएकाहरु छन् । रुसी सेनामा गएर मारिएका, सम्पर्कविहीन भएकाहरु सबैजसो भिजिट र विद्यार्थी भिसामा यूएई ट्रान्जिट बनाएर मस्को पुगेर रुसी सेनामा भर्ना भएका देखिन्छ ।

ठूलो हिस्सा दुबई, कतार, मलेसियामा काम गर्न पुगेका नेपालीहरुको छ । उनीहरु संगठित मानव तस्करको सहयोगमा त्यहाँ पुगेका हुन् । गत मंसिर २० गते रुसको सेनामा भर्ती गराउने एउटा गिरोहलाई प्रहरीले पक्राउ गरेको थियो ।

नेपाली युवालाई भारत, यूएई हुँदै रुससम्म पुऱ्याउने १२ जनालाई जिल्ला प्रहरी परिसरले पक्राउ गरी सार्वजनिक गरेको थियो । उनीहरुले विभिन्न माध्यमबाट विज्ञापन खोलेर सम्पर्कमा आएकाहरुलाई भारतबाट युएई हुँदै भिजिट भिसामा रुस पठाउने गरेका थिए ।

अहिले पनि रुसी सेनामा भर्ना भएका नेपालीहरुको मृत्युका खबर भने आइरहेका छन् । सरकारले सार्वजनिक गरेको पछिल्लो तथ्याङ्कमात्र १७ जना नेपालीको मृत्यु भएको जनाएको छ भने रुसबाट रुसी सेनामा भर्ना भएका १५ जना शव पहिचानका लागि भनेर नेपालीको डीएनए परीक्षण गर्न नमूना मागेको छ ।

योसँगै रुसमा नेपालीहरुको ३२ जनाको मृत्यु भइसकेको लगभग जानकारीमा आइसकेको छ । यद्यपी सरकारले भने १५ जनाको मृत्युबारे आधिकारिक पुष्टि गरेको छैन ।

रुसी सेनामा भर्ना भएका चार नेपाली युक्रेनी सेनाको कब्जामा छन् । रुसी सेनामा भर्ना भएका सम्पर्कविहीन भएका र शव फिर्ताका लागि भनेर परिवारहरुले उद्धारका लागि भनेर दुई सय ५० बढी परिवारले कन्सुलर सेवा विभागमा निवेदन दिएका छन् ।

रुसी सेनामा गएका नेपालीहरुको जीवन रक्षाका लागि अभियानसँगमात्रै रुसी सेनामा गएका एक हजार परिवार जोडिएका छन् । अभियानकी कृतु भण्डारीका अनुसार २७२ जना परिवार सम्पर्कविहीन भएका छन् ।

*(स्रोत: अनलाइनखबर)*

# 'महाजात्रा'को गीतमार्फत् २०८२ को दशैंमा नयाँ फिल्म ल्याउने घोषणा

काठमाडौं/शुक्रबारबाट प्रदर्शनमा आएको 'जात्रा' फ्रेन्चाइजको तेस्रो श्रृंखला 'महाजात्रा'ले तीन दिन घरेलू बक्स अफिसमा उत्साहजनक व्यापार गऱ्यो । होली बिदा सकिएसँगै कामकाजी दिन सुरु भएकाले फिल्मको व्यापारमा केही गिरावट आएको छ । तर, मध्याह्न र रात्रि शोजमा फिल्मको अकुपेन्सी उच्च छ । सुखद् 'वर्ड अफ माउथ' प्राप्त भएकाले फिल्मले हलमा लामो यात्रा गर्ने सम्भावना देखिन्छ ।



यसैबीच, फिल्ममा समावेश 'साथी' बोलको गीत सार्वजनिक गरिएको छ । फिल्मका तीन पात्र विपिन कार्की (फडिन्द्र), रविन्द्र सिंह बानियाँ (जोयश) र र विन्द्र झा (मुन्ना)को मित्रता बोल्ने गीतमा हर्क साउदको शब्द रचना छ भने कालीप्रसाद बाँस्कोटाको संगीत र स्वर छ । फिल्ममा यो गीतले कथावाचनको काम गरेको छ । तीन पात्रको झाँगिँदो मित्रता र आत्मीयतालाई गीतमा देखाइएको छ ।

प्रदीप भट्टराईको निर्देशनमा बनेको फिल्ममा हरिवंश आचार्य, अर्जुनजंग शाही, प्रकाश घिमिरे, राजाराम पौडेल, वर्षा राउत, दिव्य देव, प्रवीण खतिवडा, सुमन कार्की, शिशिर बाङ्देल, अरविन खड्काको पनि अभिनय छ । सार्वजनिक गीतको अन्तिममा 'अब २०८२ को दशैंमा भेटौंला' भनेर उल्लेख गरिएको छ । अर्थात् 'जात्रा' समूहको नयाँ फिल्म ०८२ सालको दशैंमा आउने भएको छ ।

# 'वर एन्ड वधु'का लागि विवेकले बनाए सुगठित शरीर

काठमाडौं/गत वर्षको असारतिर मध्य-पूर्वी देश रोमानियामा फिल्म 'वर एन्ड वधु'को ५० प्रतिशत छायांकन गरिएको थियो । त्यसपछि विभिन्न कारणले रोकिएको फिल्मको बाँकी ५० प्रतिशत छायांकन अब यही चैत तेस्रो साताबाट गरिने भएको छ । नेपालमै छायांकन गर्न लागिएको फिल्ममा अभिनेत्री आँचल शर्मा र नव-अभिनेता विवेक कर्माचार्य मुख्य भूमिकामा छन् भने मिलन चाम्स निर्देशक हुन् ।



फिल्मको दोस्रो चरणको छायांकनका लागि विवेकले सुगठित शरीर बनाएका छन् । निर्माण टिमले उपलब्ध गराएको एक तस्वीरमा उनको बलिष्ठ शरीर देखिन्छ । फिल्मको छायांकन हुँदा र अहिलेको उनको शरीरमा ठूलो परिवर्तन छ । लुक्स पनि फेरिएको छ । कथाको मागअनुसारै विवेकले शरीर बनाएको निर्देशक चाम्सले बताए । यसको अर्थ फिल्ममा उनी एक्सन भूमिकामा देखिनेछन् ।

डा. अमित रिजाल कार्यकारी निर्माता रहेको फिल्मलाई एलआरके इन्टरटेन्मेन्टको ब्यानरमा निर्माण गरिएको हो । नेपाल छायांकन सकिएसँगै फिल्मको प्रदर्शन मिति घोषणा गरिने जनाइएको छ । विजय लामा, रमेश बुढाथोकी, र विन्द्र खड्का, हिमेश पन्त, सृष्टि खड्का, किरण केसी लगायतको पनि विशेष भूमिका रहेको फिल्मले विवाहको संस्कृतिलाई देखाउने निर्देशक चाम्सको भनाई छ ।

# विश्वकप छनोट : बहराइनसँग नेपाल ३-० ले पराजित

काठमाडौं/ फिफा विश्वकप २०२६ र एएफसी एसिया कप २०२७ को दोस्रो चरणको छनोटमा नेपाल बहराइनसँग लगातार दोस्रो खेलमा पराजित भएको छ । रिफास्थित बहराइन नेशनल स्टेडियमा मंगलबार भएको समूह एचको खेलमा नेपाल घरेलु टोली बहराइनसँग ३-० ले पराजित भएको छ ।

छनोटको समूह एचमा रहेको नेपालको यो लगातार चौथो हार हो भने एक सता भित्र बहराइनसँग दोस्रो हार हो । यसअघि बिहीबार रिफामै खेलिएको खेलमा नेपाल बहराइनसँग ५-० ले पराजित भएको छ । दोस्रो खेलमा नेपालले सुधारिएको प्रदर्शन गरेको थियो ।

समूहमा चार खेलमा पराजित भएको नेपाल अंक विहिन छ । यस हारपछि समूहमा शीर्ष दुईमा रहेर विश्वकप छनोटको तेस्रो चरण र एएफसी एसियन कप २०२७ मा सिधै छनोट हुने नेपालको सम्भावना सकिएको छ ।

तर एसियन कपमा छनोट हुने नेपालको बाटो भने अझै सकिएको छ । समूहमा तेस्रो र चौथो हुने टिमले एसियन कप छनोटको तेस्रो चरणमा खेल्न पाउनेछन् ।

आजै भएको खेलमा खेलमा युएईले यमनलाई पराजित गर्दै शतप्रतिशत जित निकालेको छ । चार खेलबाट युएई १२ अंकसहित समूह एचको शीर्ष स्थानमा छ । युएईले समूहको अन्तिम दुई खेलअईघि नै शीर्ष दुईमा स्थान पक्का गर्दै विश्वकप छनोटको तेस्रो चरण र एसियन कपमा स्थान सुरक्षित गरेको छ । ३ जित र १ हारासहित ९ अंक जोडेको बहराइन दोस्रो स्थानमा छ । ४ खेलबाट ३ अंकसहित यमन तेस्रो स्थानमा छ ।

**पहिलो हाफमै तीन गोल**

यसअघि पहिलो खेलमा नेपाल बहराइनसँग फराकिलो अन्तरले पराजित भएको थियो । दोस्रो खेलमा नेपालले बहराइन विरुद्ध प्रतिस्पर्धात्मक खेल खेल्ने लक्ष्य बनाएको थियो । तर यस खेलमा पहिलो अघिल्लो खेलमा जस्तै नेपालले ३ गोल बेहोऱ्यो । मुख्य प्रशिक्षक भिनसेन्चो अल्बर्टो एनेसले अघिल्लो खेलबाट पहिलो रोजाईंमा चार परिवर्तन गरेका थिए ।

अघिल्लो खेल खेलेका अन्जन विष्ट, मनिष डाँगी, सुमित श्रेष्ठ र हिसुब थपलियाको स्थानमा आज भरत खवास, जिलेस्पी जंग कार्की, सन्जिव विष्ट र सौभाग्य राई खेलेका थिए । अन्जन विष्ट अघिल्लो खेलमा घाइते भएका थिए भने मनिष डाँगी कार्डका कारण निलम्बनमा थिए । सुमित श्रेष्ठ र हिसुव थपलिया आज बेन्चमा थिए ।

खेलको सातौं मिनेटमा सायद महदी बाकेरले गोल गर्दै बहराइनलाई अग्रता दिलाएका थिए । कर्नरबाट आएको बल नेपालका गोलकिपर किरण कुमार लिम्बुले पन्च गरेपनि पूर्ण रुपमा क्लियर नभएपछि बहराइनमा हमद अलसामसनले हेड गरेका थिए । त्यसमा नेपाली खेलाडीले बल क्लियर गर्न सकेनन् र नेपाली खेलाडीको तालमेल नमिल्दा बाकेरले गोल गरे ।

कप्तान अब्दुल्लाह युसुफ हेलाले १८औं मिनेटमा पेनाल्टीमा गोल गर्दै अग्रता दोब्बर पारे । नेपालका कप्तान किरणले बल रोक्ने क्रममा बहराइनका मोहमद मारहुनलाई फल गरेपछि रेफ्रीले बहराइनलाई पेनाल्टी दिएका थिए । त्यसमा कप्तान हेलाले सहजै गोल गरे ।

त्यसपछि ३६औं मिनेटमा कमिल अल-अस्वादले गोल गर्दै बहरइनलाई ३-० को अग्रता दिलाए । काउन्टरमा प्राप्त बलमा कमिलले नेपाली डिफेण्डरहरुलाई बिट गर्दै गोलकिपर किरणसँगको वान भर्सेस वानको अवस्थामा गोल गरे । यसअघि बिहीबार भएको खेलमा नेपाल बहराइनसँग ५-० ले पराजित भएको थियो र पहिलो हाफमा ३ गोल नै बेहोरेको थियो ।

# टेलिकमको लाइसेन्स अवधि वैशाखसम्म, स्पष्ट छैन नयाँ दिने विधि

काठमाडौं/आगामी २८ वैशाख २०८१मा सरकारी स्वामित्वको नेपाल टेलिकमको दूरसञ्चार सेवाको अनुमतिपत्र (लाइसेन्स)को २५ वर्षे अवधि सकिँदैछ । नेपाल दूरसञ्चार प्राधिकरणका अनुसार अनुमतिपत्र अवधि सकिने दिन नजिकिँदै गर्दा अन्योल छ, टेलिकमले कसरी नयाँ अनुमतिपत्र पाउँछ ?

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय भने अन्योल रहेको दाबीलाई स्वीकार गरिरहेको छैन र टेलिकमलाई नयाँ अनुमति दिनुअघि कुनै नयाँ व्यवस्था गर्ने योजनामा पनि छैन । हालकै ऐन कानुनले तोकेको विधि र प्रक्रियाबाट शुल्क जारी हुने मन्त्रालयको भनाइ छ ।

यसका कारण नेपाल टेलिकम एकैपटक ठूलो मात्रामा शुल्क तिर्नुपर्ने पीरलोमा छ । बैंकमा मुद्धति निक्षेपमा पैसा राखेर ब्याज खाएर नाफा कमाइरहेको टेलिकम सरकार बाट यसअघिका तिर्न बाँकी शुल्कहरु भुक्तानीमा किस्ताबन्दीको सुविधा खोजिरहेको छ भने अब लाइसेन्स शुल्क र नवीकरण शुल्कमा नयाँ विधि स्थापित गर्नुपर्ने पक्षमा छ ।

**के छ कानुनी व्यवस्था ?**

दूरसञ्चार ऐन २०५३ले दूरसञ्चार सेवको अनुमतिपत्रसम्बन्धी व्यवस्था गरेको छ । ऐनको दफा २५(१)मा अनुमति पत्रको अवधि बढीमा २५ वर्षको हुने उल्लेख छ । तर एक पटकमा दश वर्षभन्दा बढी अवधिको लागि अनुमतिपत्र नदिने उल्लेख छ ।

अनुमतिपत्र नवीकरण गर्न चाहने अनुमतिपत्र कम्पनीले अनुमतिपत्रको अवधि समाप्त हुनु अगावै तोकिएको अवधिभित्र अनुमतिपत्र नवीकरणको लागि प्राधिकरण समक्ष निवेदन दिनु पर्ने व्यवस्था छ । त्यसरी निवेदन परेमा एक पटकमा पाँच वर्षमा नबढाई अनुमतिपत्र नवीकरण गरिदिनु पर्ने व्यवस्था छ ।

नेपाल टेलिकमले २९ वैशाख २०५६मा जीएसएम सेलुलर मोबाइल सेवाको २५ वर्षे लाइसेन्स पाएको थियो । दूरसञ्चार प्राधिकरणका निर्देशक तथा प्रवक्ता सन्तोष पौडेल टेलिकमले अब नयाँ अनुमतिपत्रका लागि आवेदन दिइसकेको बताउँछन् । तर, अहिले टेलिकमले नयाँ अनुमतिपत्र पाउँदा कति लाइसेन्स शुल्क तिर्ने भन्ने अन्योल छ ।

'ऐन अनुसार अब टेलिकमको लाइसेन्स नवीकरण हुने होइन,' उनले भने,'सेवा दिइरहेका कम्पनीलाई नयाँ लाइसेन्स दिने भन्ने व्यवस्था छ, तर कसरी दिने र त्यसको नवीकरण अवधि कति हुन्छ भन्ने स्पष्ट छैन ।'

२५ वर्षपछि सेवारत कम्पनीलाई नयाँ लाइसेन्स दिने प्रक्रिया नै परिभाषित नभएको प्राधिकरणको दाबी छ । यसबारे स्पष्ट व्यवस्था गर्नुपर्ने भन्दै दूरसञ्चार प्राधिकरणले एक वर्षअघि नै सञ्चार तथा सूचना प्रविधि मन्त्रालयलाई पत्र लेखेको थियो । नेपाल टेलिकमसहित मर्कान्टाइल र वर्ल्डलिंक लगायतका इन्टरनेट कम्पनीको लाइसेन्सको अवधि पनि सकिँदैछ ।

'कसरी नयाँ लाइसेन्स दिने भन्ने पनि स्पष्ट छैन र कति लाइसेन्स शुल्क लिएर तिर्ने भन्ने पनि स्पष्ट छैन,' प्रवक्ता पौडेलले भने । सरकारले २०५६ मा पछि निर्धारण हुने नवीकरण शुल्क बुझाउने शर्तमा नेपाल टेलिकमलाई लाइसेन्स जारी गरेको थियो ।

२०६१ सालमा निजी सेवा प्रदायक एनसेल (तत्कालीन मेरो मोबाइल) ले २० अर्ब रुपैयाँ नवीकरण शुल्क र ३५ करोड ७५ लाख रुपैयाँ लाइसेन्स शुल्क तिर्ने शर्त स्वीकारेर मोबाइल सेवाको लाइसेन्स लिएको थियो । यसअनुसार पछि नेपाल टेलिकमले लाइसेन्स शुल्क तिरेको थियो ।

**सुविधाको खोजीका टेलिकम**

प्राधिकरणले २५ वर्षपछि जारी हुने नयाँ लाइसेन्सबारे ऐनमा प्रष्ट व्यवस्था नरहेको दाबी गर्दैगर्दा नेपाल टेलिकम सरकारबाट विभिन्न सुविधा पाउनुपर्ने भन्दै लबिइङमा छ । नेपाल टेलिकमले लाइसेन्सको तेस्रो नवीकरणबापतको तेस्रो किस्ताको २० अर्ब १३ करोड २७ लाख ५० हजार रुपैयाँ नवीकरण शुल्क तिरेको छैन ।

नियमअनुसार पहिलोपटक लाइसेन्स लिएका कम्पनीले २५ वर्षभित्र पहिलोपटक १० वर्षमा र दोस्रोपटक १५ र तेस्रोपटक २० वर्षमा लाइसेन्स नवीकरण गर्नुपर्छ । यसअघि टेलिकमले १० वर्षपछिको पहिलो किस्तालाई ८ किस्तामा र दोस्रोपटक ५ किस्ता सुविधा लिएर २०-२० अर्ब तिरेको थियो । दोस्रोपटकको नवीकरणको पहिलो किस्ता तिरेपछि तेस्रो नवीकरणको शुलकबारे निर्णय गर्ने मन्त्रिपरिषदको निर्णय तियो । तर, निर्णय भएन ।

टेलिकमले यसअघिजस्तै तेस्रो नवीकरणको शुल्क पनि किस्ताबन्दीमा तिर्न पाउनुपर्ने मन्त्रालयमा माग गर्दै आएको छ । सरकारले कुनै निर्णय नगरेकाले टेलिकमले अहिलेसम्म तेस्रो नवीकरणको २० अर्ब नतिरी बसेको छ ।

नयाँ अनुमतिपत्रसम्बन्धी निर्णय गर्दा सरकारले नवीकरण शुल्कसम्बन्धी निर्णय पनि गर्ने आशामा टेलिकम छ । पहिलो पटक १० वर्ष र फेरि ५-५ वर्षमा २० अर्ब रुपैयाँ नवीकरण शुल्क तिर्नुपर्ने व्यवस्था टेलिकम कम्पनीका लागि अन्यायपूर्ण भएको भन्दै नेपाल दुरसञ्चार प्राधिकरणले २०७३मा शेर धन राई सञ्चार तथा सूचना प्रविधमन्त्री र दिनेश थपलिया सञ्चार सचिव रहेकै बेला कम्पनीको वार्षिक आयको ४ प्रतिशत लिने व्यवस्था गर्न सुझाव दिएको थियो ।

*(स्रोत: अनलाइनखबर)*

# अक्षय र टाइगरको एक्सनमा 'बडे मियाँ छोटे मियाँ' ट्रेलर

काठमाडौं/बलिउडमा 'एक्सन स्टार'को रुपमा चिनिएका अक्षय कुमार र टाइगर श्राफले पहिलोपटक फिल्म 'बडे मियाँ छोटे मियाँ'मा एकसाथ काम गरेका छन् । उनीहरुको छविअनुसार नै फिल्म बनेको छ । मंगलबार सार्वजनिक ट्रेलरमा दुवै एक्सन अवतारमा प्रस्तुत छन् । आतंककारीबाट देश (भारत)लाई बचाउन उनीहरुले लडेको लडाइँमा ट्रेलर केन्द्रित छ । केही 'एक्सन सिक्वेन्स' सानदार देखिन्छ ।



अक्षय र टाइगर दुवै आर्मी पृष्ठभूमिका छन् र एक महत्त्वपूर्ण 'अपरेसन' टिमको हिस्सा बनेका छन् । उनीहरुको भरोसामा भारतको सुरक्षा एजेन्सी देशमाथि धावा बोलिरहेको एक खतरनाक भिलेनलाई रोक्न निस्किएको छ । ट्रेलरमा ब्याकग्राउन्ड स्कोर र भिजुअल इफेक्ट्स स्तरीय छ । यसमा सोनाक्षी सिन्हा, मानुषी छिल्लर, आलिया फर्निचरवाला, रोनित रोय आदिको पनि अभिनय रहेको छ ।

फिल्ममा 'सलार' अभिनेता पृथ्वीराज सुकुमार भिलेनको भूमिकामा छन् । तर, ट्रेलरमा उनलाई मास्क लगाएर प्रस्तुत गरिएको छ । फिल्मलाई अली अब्बास जफरले निर्देशन गरेका हुन् ।

यसअघि उनले 'टाइगर जिन्दा हे', 'सुल्तान' जस्ता फिल्मको निर्देशन गरेका थिए । आगामी १० अप्रिल (चैत २८ गते)बाट प्रदर्शन हुन लागेको यो फिल्मले भारतमा आक्रामक कमाई गर्ने प्रक्षेपण गरिएको छ ।

# 'रुखान'मा भित्रिए आर्यन, नीतिसँग जोडी बाँधिने

काठमाडौं/'कसले चोऱ्यो मेरो मन' फेम्ड निर्देशक सविर श्रेष्ठले आफ्नो नयाँ फिल्म 'रुखान'मा अभिनेता आर्यन अधिकारीलाई अनुबन्ध गरेका छन् । निर्माण कम्पनी सविन फिल्म्स र काइट्स इन्टरटेन्मेन्टले मंगलबार एक पोस्टर मार्फत् उनलाई फिल्ममा स्वागत गरेको छ । फिल्ममा उनको जोडी अभिनेत्री नीति शाहसँग बाँधिनेछ । निर्देशक श्रेष्ठले कथामा सुहाउने भएपछि आर्यनलाई भित्राइएको बताए ।

यो फिल्मलाई ४ वटा भाषामा निर्माण गर्ने तयारी गरिएको छ । फिल्मलाई नेपाली, हिन्दी, अंग्रेजी र भोजपुरी भाषामा निर्माण गरिने निर्देशक श्रेष्ठले बताए । फिल्ममा कृष्ण थापा (अष्ट्रेलिया) र सुरेश गुरुङको लगानी रहनेछ । डाक्टर रुपक घिमिरेको कथा रहेको फिल्मका कार्यकारी निर्मातामा सविन श्रेष्ठ छन् । फिल्ममा अर्जुन पोखरेलको संगीत र अभिमन्यू निरवीको पटकथा तथा संवाद छ ।

देशका नागरिकहरुले विभिन्न समस्यासँग जुध्दै गर्ने संघर्षमा फिल्म आधारित हुने निर्देशक श्रेष्ठले बताएका छन् । मुख्यतया महिला संघर्षको कथामा फिल्म बन्नेछ । फिल्ममा नीति विद्रोही महिलाको भूमिकामा देखिनेछिन् । आगामी बैशाखपछि फिल्मको छायांकन सुरु गरिँदैछ । भिक्टोरी प्रोडक्शन हाउसको पनि निर्माण रहने फिल्ममा आवरण स्किन एन्ड हेयर क्लिनिकले सहकार्य गरेको छ ।

**के तपाई फोटोकपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**

*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*

*tonerhouse_htd@yahoo.com*

# बागमतीमा आजबाट सहकारी दिव मनाइने



साझाकुरा संवाददाता

हेटौंडा, १३ चैत/ बागमती प्रदेशमा बुधवारबाट सहकारी दिवस मनाइने भएको छ । 'सहकारीमा सुशासन प्रविधि र एकीकरण' नारासहित प्रदेशको संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालय, प्रदेश सहकारी विकास बोर्डसँगको सहकार्यमा ६७ औं सहकारी दिवस विविध कार्यक्रम सहित भव्यरुपमा मनाउन लागिएको हो ।

दिवस मनाउन मकवानपुर जिल्ला सहकारी संघ र मकवानपुरका विषयगत सहकारी संघको समन्वय रहने छ । बागमती प्रदेशस्तरीय ६७ औं सहकारी दिवस मूल समारोह समितिको सचिवालय बैठकले बागमती प्रदेशस्तरमा सहकारी दिवस मनाउनको लागि चैत्र १४ गतेदेखि सप्ताहव्यापी कार्यक्रम तय गरेको हो । यसअघि नै ६७ औं सहकारी दिवस मनाउन बागमती प्रदेश सहकारी विकास बोर्डका कार्यकारी उपाध्यक्ष नारायणप्रसाद देवकोटाको संयोजकत्वमा १ हजार १ सदस्यीय मूल समारोह समिति गठन गरिएको थियो ।

समितिले बागमती प्रदेशभरका सहकारी संघ संस्थाले सहकारी दिवसलाई प्रभावकारी रुपले सञ्चालन गर्न आग्रह गरेको छ । सहकारी दिवसको अवसरमा हेटौंडामा मूल कार्यक्रम हुनेछ भने प्रदेशका सबै जिल्ला र पालिका तहमा विविध कार्यक्रमसहित सहकारी दिवस मनाईने संयोजक देवकोटाले बताए ।

मूल समारोह समितिको कार्यक्रम अन्तरगत १४ गते प्रदेशभरका सबै सहकारी संघसंस्थाको कार्यालयमा ६७ औं सहकारी दिवसको नारासहितको ब्यानर राख्ने जनाइएको छ ।

कार्यक्रमअन्तर्गत १५ गते 'ऋण लगानी तथा असुलीका कानुनी प्रावधान र सरोकारवालाको भूमिका' विषयमा सहकारी संस्थाका अध्यक्ष र व्यवस्थापकसँग अन्तरक्रिया गर्ने, १६ गतेदेखि १९ गतेसम्म सहकारी संघ संस्थाले सहकारी दिवस लक्षित कार्यक्रम सञ्चालन गर्ने, २० गते बिहान ७ बजे हेटौंडा-१ चौकीटोलको रोपवे चौरबाट प्रभातफेरी सुरु भई रोयल प्यालेस हेटौंडामा प्रवचन, पुरस्कार तथा सम्मान वितरण गरिने र साँझ बागमती प्रदेशभरका सहकारी संघ संस्थाले दीपावली गरी सहकारी दिवस समापन गरिने कार्यक्रम रहेको संयोजक देवकोटाले बताए ।

सचिवालयले सप्ताहभर प्रदेशका सहकारी संस्थाले सञ्चालन गर्ने सहकारी दिवस लक्षित कार्यक्रमको जानकारी प्रदेश सहकारी विकास बोर्ड वा सहकारी दिवस मूल समारोहको सचिवालयमा उपलब्ध गराउन अनुरोध गरेको छ । कार्यक्रमलाई समेत मूल समारोह समितिको कार्यक्रममा समावेश गरिने जानकारी मूल समारोह समितिका कार्यालय सचिव गोविन्द दाहालले बताए ।

# बकैयामा कारको ठक्करबाट बालिकको मृत्यु

साझाकुरा संवाददाता

हेटौंडा, १३ चैत/ मकवानपुरको पूर्वीक्षेत्रस्थित बकैया गाउँपालिकामा कारको ठक्करबाट साइकलयात्री बालकको मृत्यु भएको छ । बकैया-४ गोठखोलास्थित धरान-चतरा सडकखण्डमा कारको ठक्करबाट घाइते भएका साइकलयात्रीको उपचारका क्रममा हेटौंडा अस्पतालमा मृत्यु भएको हो ।

हात्तिसुँडेबाट गरगरेतर्फ आउँदै गरेको प्रदेश ३-०१-०२४ च १७९६ नम्बरको कारले गरगरेबाट हात्तिसुँडेतर्फ जाँदै गरेको साइकललाई ठक्कर दिंदा साइकलयात्री स्थानीय ११ वर्षीय निशान बानियाँको उपचारको क्रममा हटौंडा अस्पतालमा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायवउपरीक्षक लक्ष्मी भण्डारीले जानकारी दिए । कार चालक भरतपुर महानगरपालिका-१० बस्ने सारदा सुवेदी प्रहरी नियन्त्रणमा रहेका छन् ।

# उपप्राध्यापक प्रेम चलाउनेलाई आक्रमण गर्ने एक जना पक्राउ

काठमाडौं, १३ चैत/ त्रिभुवन विश्वविद्यालयका उपप्राध्यापक प्रेम चलाउनेमाथि आक्रमण गर्ने एक जना पक्राउ परेका छन् । जिल्ला प्रहरी परिसर काठमाडौंको टोलीले चलाउनेमाथि आक्रमण गर्ने रविन लामालाई पक्राउ गरेको हो ।

जिल्ला प्रहरी परिसर काठमाडौंका एसएसपी भुपेन्द्र खत्रीले चलाउनेलाई आक्रमण गर्ने लामालाई टोखाबाट पक्राउ गरिएको संचारकर्मीलाई जानकारी दिए । यस मुद्दाका अन्य प्रतिवादीहरु पुनरावेदनमा गएको तर लामा पुनरावेदन नगएकाले पक्राउको बाटो खुलेको थियो । सोही अनुसार लामाविरुद्ध पक्राउ पूर्जी जारी भएपछि पक्राउ गरिएको एसएसपी खत्रीले बताए । जिल्ला अदालत काठमाडौंका न्यायाधीश विनोद खतिवडाको इजलासले ७ मंसिर २०८० चलाउनेमाथि आक्रमण गर्ने ६ जनालाई २ वर्ष कैद सजाय सुनाएको थियो ।

नेपाल विद्यार्थी संघ त्रिवि इकाइका तत्कालिन सभापति हरिप्रसाद आचार्य, सचिव योगेन्द्र रावल, रुपेश साह, रविन लामा, सयुज श्रेष्ठ, निरज रानामगरलाई उपप्राध्यापक चलाउनेको ज्यान मार्न खोजेको आरोपमा दोषी ठहर भएका थिए । उनीहरुबाट पीडितलाई २८ लाख रुपैयाँ क्षतिपूर्ति भराउने आदेश समेत भएको थियो । अर्का आरोपित आरोपित दीपक ओझाले भने सफाइ पाएका थिए ।

२० असोज २०७७ मा कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालय परिसरमा समाजशास्त्रका उपप्राध्यापक चलाउनेमाथि आक्रमण भएको थियो । नेपाल विद्यार्थी संघको त्रिभुवन विश्वविद्यालय क्याम्पस इकाइका सभापति हरिप्रसाद आचार्य र सचिव योगेन्द्र रावलको नेतृत्वको समूहले उपप्राध्यापक चलाउनेमाथि आक्रमण गरेको थियो ।

आक्रमणमा परी उपप्राध्यापक चलाउनेको टाउको, छाती, घाँटी र तिघ्रामा चोट लागेको थियो । आक्रमणपछि उपप्राध्यापक चलाउने एक महिनाभन्दा बढी अस्पतालमा उपचार गराएर घर फर्किएका थिए । ज्यान मार्ने उद्योगको मुद्दा जिल्ला अदालत काठमाडौंमा विचाराधीन रहेको अवस्थामा गृहमन्त्रालयको प्रस्तावमा सरकारले आरोपितहरुविरुद्धको मुद्दा फिर्ता लिने निर्णय लिएको थियो । मुद्दा फिर्ता लिने निर्णाय विरुद्ध उपप्राध्यापक प्रेम चलाउने सर्वोच्च अदालत गएका थिए । सर्वोच्च अदालतले मुद्दा फिर्ता लिने सरकारको निर्णय तत्काल कार्यान्वयन नगर्नु भनी अन्तरिम आदेश दिएको थियो ।

# न्यायिक समितिलाई क्षमता अभिवृद्धि पुनर्ताजगी तालिम



साझाकुरा संवाददाता

हेटौंडा, १३ चैत/थाहा नगरपालिकामा न्यायिक समितिलाई क्षमता अभिवृद्धि पुनर्ताजगी तीनदिने तालिम प्रदान गरिएको छ । न्यायिक समितिले गर्ने काम र क्षमता अभिवृद्धि गर्ने उद्देश्यले नगरपालिका भित्र रहेका मेलमिलाप केन्द्रका संयोजक तथा सदस्यको तालिममा सहभागिता रहेको छ ।

थाहा नगरपालिका न्यायिक समिति संयोजक भरत गोपालीको सभाध्यक्षतामा भएको तालिम उद्घाटन कार्यक्रमको प्रमुख अतिथि नगरप्रमुख विष्णुबहादुर विष्ट रहेका थिए । नगरप्रमुख विष्टले न्याय सम्पादनमा न्यायिक समिति र मध्यस्थकर्ताको भूमिका एवम् अधिकारको बारेमा सहजीकरण हुनुपर्नेमा जोड दिंदै कानूनको शासन, मौलिकहक तथा मानवअधिकारका मूल्य र मान्यता, लैङ्गिक समानता, समानुपातिक समावेशीकरण, सहभागिता र सामाजिक न्यायको माध्यमबाट न्यायपूर्ण व्यवस्था कायम गर्दै लोककल्याणकारी राज्यको निर्माण गर्नका लागि स्थानीय नेतृत्व सबल र सक्षम हुन जरुरी रहेको औंल्याए ।

न्यायिक समिति संयोजक उपप्रमुख गोपालीले न्यायका लागि मेलमिलापको माध्यम उपयुक्त भएको भन्दै यसको व्यापकता र प्रभावकारिता मेलमिलापकर्तामा निर्भर रहने बताए । मेलमिलापबाट समाधान गरिएका विवाद कार्यान्वयन गर्न प्रभावकारी रहने हुनाले मेलमिलाप प्रक्रियालाई नगरपालिकाले प्राथमिकता साथ अवलम्वन गर्नुपर्ने आवश्यकता उनले औंल्याए । थाहा नगर पालिकाको वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत सूचिकृत मेलमिलापकर्तालाई तालिमको आयोजना गरिएको न्यायिक समितिका सहजकर्ता गोपी कार्कीले बताइन् ।

तालिममा प्रशिक्षक जगन्ननाथ सुवेदी र सीताराम अधिकारीले हिंसा न्यूनीकरण गर्न न्यायिक समितिले हालसम्म गरेका उल्लेखनीय कार्यको बारेमा जानकारी लिदै न्यायिक समिति र मध्यस्थकर्ताले न्याय सम्पादनमा खेल्नुपर्ने भूमिकाका बारेमा सहजीकरण गर्नेछन् । तालिम सुरुवातमा न्यायिक समिति सदस्य बमबहादुर सिन्तान, अनिता बल, वडा नम्बर १ का कार्यवाहक वडाअध्यक्ष सरोज प्रधान, कार्यपालिका सदस्य पवित्रासिं ठकुरीलगायत नगरपालिकाभित्रका मेलमिलाप सहजकर्ताहरुको उपस्थिति रहेको थियो ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार स्थानीय तहलाई सामान्य प्रकृतिका मुद्दामा फैसला गर्ने र केही विवादमा मेलमिलाप मात्र गराउन पाउने गरी दुई किसिमको क्षेत्राधिकार दिइएको छ । सामान्य प्रकृतिका पारिवारिक, समाज तथा छरछिमेकमा परिरहने किसिमका विवाद निरुपणको जिम्मा पनि स्थानीय तहको न्यायिक समितिलाई दिइएको छ ।

संविधानको धारा २१७ मा कानुन बमोजिम आफ्नो अधिकार क्षेत्र भित्रका विवाद निरुपण गर्न गाउँपालिका वा नगरपालिकाले प्रत्येक गाउँपालिकामा उपाध्यक्षको संयोजकत्वमा र प्रत्येक नगर पालिकामा उपप्रमुखको संयोजकत्वमा तीन सदस्यीय न्यायिक समिति रहने र सो बमोजिमको न्यायिक समितिमा गाउँसभा वा नगरसभाबाट आफूमध्येबाट निर्वाचित गरेका दुईजना सदस्य रहने व्यवस्था छ ।

# विमानस्थलबाट ५० ग्राम सुनसहित एक युवक पक्राउ

काठमाडौं, १३ चैत/ त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट ५० ग्राम सुनसहित एक जनालाई मंगलबार बिहान प्रहरीले पक्राउ गरेको छ ।

भन्सार छलेर ल्याएको ५० ग्राम सुनसहित सिरहाको धनगढीमाई नगरपालिका-११ का २३ वर्षीय पुरुषोत्तम शर्मा पक्राउ परेका हुन् । उनको साभबाट ५० ग्राम तौलको सुनको ब्रासलेट बरामद भएको छ । विमानस्थलको अन्तर्राष्ट्रिय आगमन पार्किङ एरियाबाट उनलाई प्रहरीले नियन्त्रणमा लिएको हो ।

सुन तस्करहरुले बाहृरुय मुलुकबाट नेपाल आएका यात्रुलाई प्रयोग गरी भन्सार छलेर सुन ल्याउने गरेको पाइएको र बरामद उक्त सुन पनि सोही प्रकृतिको रहेको प्रहरीको दाबी छ ।

पक्राउ परेका शर्मालाई विमानस्थल भन्सार कार्यालय गौचर पठाइएको छ ।

# उद्योगहरूमा दैनिक १० घण्टासम्म लोडसेडिङ


काठमाडौं, १३ चैत/ नेपाल विद्युत् प्राधिकरणले औद्योगिक क्षेत्रमा विगत अढाई महिनादेखि अघोषित लोडसेडिङ गरिरहेको छ । गत माघको पहिलो सातादेखि उद्योगहरूमा दैनिक ८ देखि १० घन्टासम्म अघोषित रूपमा लोडसेडिङ भइरहेको उद्योगीहरूले बताएका छन् ।

पूर्वको विराटनगरदेखि पश्चिमको नेपालगञ्जसम्मका उद्योगहरूमा प्राधिकरणले लोडसेडिङ गरिरहेको उद्योगीहरूको भनाइ छ ।

तर, विद्युत् प्राधिकरणले लोडसेडिङको तालिका भने निकालेको छैन । 'यति बजेदेखि यति बजेसम्म चलाऊ भनेर उद्योगीहरूलाई फोन गरेर प्राधिकरणले भन्ने गरेको छ । तर तालिका दिएको छैन । हरेक दिन बिहान चारदेखि पाँच घन्टा र बेलुका पनि त्यति नै अवधि लाइन काटिने गरेकाले यसलाई अघोषित लोडसेडिङ भन्न सकिन्छ,' एक उद्योगीले संचारकर्मीसँग भने ।

नेपाल स्टिल तथा रोलिङ मिल्स एसोसियसनका अध्यक्ष साहिल अग्रवालका अनुसार उद्योगीहरूलाई मौखिक रूपमा बिहान चार घन्टा र बेलुकी चार घन्टा गरी दैखिक ८ घन्टा लोडसेडिङ हुने जानकारी गराइएको छ । 'तर, त्यसभन्दा बढी नै लोडसेडिङ हुने गरेको छ ।







कुनैकुनै स्थानमा त १२ घन्टासम्म लोडसेडिङ हुने गरेको छ,' उनले भने । प्राधिकरणले विराटनगर-इँटहरी, मिर्चैया, वीरगञ्ज-पथलैया, हेटौंडा, भैरहवा-बुटवल तथा नेपालगञ्जलगायत प्रमुख औद्योगिक क्षेत्रमा अघोषित रूपमा लोडसेडिङ गरिरहेको उनले बताए ।

विराटनगर क्षेत्रका उद्योगहरूमा दैनिक ८ घन्टाको दरले लोडसेडिङ भइरहेको रिलायन्स स्पिनिङ मिल्सका सञ्चालक शशिकान्त अग्रवालले बताए । भारतबाट विद्युत् आयातमा समस्या हुने भन्ने हल्ला चलिरहेकाले थप लोडसेडिङ हुने हो कि भन्ने चिन्तामा परेको उनको भनाइ छ ।

'भारतमा पनि विभिन्न ठाउँमा लोडसेडिङ हुने गरेको छ, तर त्यहाँ उद्योगहरूको लाइन सकेसम्म काटिँदैन, शुरुमा घरायसी ग्राहककहाँ लोडसेडिङ हुन्छ, त्यसपछि औद्योगिक क्षेत्रमा,' उनले भने, 'औद्योगिक उत्पादनमा समस्या नहोस् भनेर उनीहरूले त्यसो गर्ने गरेका छन् । हाम्रोमा त पहिला उद्योगमा लोडसेडिङ हुन्छ । त्यो पनि अघोषित रूपमा हुने गरेको छ ।'

नेपाल विद्युत् प्राधिकरणका प्रवक्ता चन्दन कुमार घोषले पूर्वी क्षेत्रका उद्योगहरूमा विद्युत् आपूर्तिमा केही समस्या रहे पनि अन्यत्र भने लोडसेडिङ नरहेको दाबी गरे ।

**डेडिकेटेड फिडरको लाइन जोडिएपछि लोडसेडिङ शुरू**

नेपाल विद्युत् प्राधिकरणले पुस ६ गतेबाट डेडिकेटेड फिडरको महसुल विवादमा विभिन्न उद्योगहरूमा बिजुलीको लाइन काट्न शुरु गरेको थियो । प्राधिकरणले देशका सबैभन्दा ठूलामध्येका २३ वटा उद्योगको लाइन काटेपछि विद्युत्को माग नै कम भएर लोडसेडिङ गर्नु परेको थिएन । तर, नेपाल सरकार मन्त्रीपरिषद्ले गरेको निर्णयबमोजिम २७ पुसमा प्राधिकरणले उद्योगहरूमा लाइन जोडिदियो । त्यसलगत्तै माघको शुरुदेखि नै प्राधिकरणले उद्योगहरूमा दैनिक ८ देखि १० घन्टासम्म लोडसेडिङ गरिरहेको हो ।

उद्योगहरूमा प्राधिकरणले लोडसेडिङ गर्दा उद्योगको उत्पादन लागत निकै नै महँगो परिरहेको नेपाल स्टिल तथा रोलिङ मिल्स एसोसियसनका अध्यक्ष साहिल अग्रवाल बताउँछन् । 'नेपालमा यसै पनि उद्योगहरूको उत्पादन लागत महँगो छ, त्यसमा लोडसेडिङका कारण डिजेलबाट बिजुली उत्पादन गर्नुपर्दा त्यो धेरै नै भारी परिरहेको छ,' उनले भने ।

नेपाल विद्युत् प्राधिकरणका अनुसार अहिले नेपालमा विद्युतको पिक माग १८ सय ८५ मेगावाट छ । तर, हाल मुलुकको उत्पादन र आयातसमेत गरी जम्मा १४ सय ८३ मेवागाट विद्युत मात्रै आपूर्ति भइरहेको प्राधिकरणको तथ्यांक छ । त्यसमध्ये ६ सय ८१ मेगावाट विद्युत् भारतबाट आयात भइरहेको छ । माग र आपूर्तिबीचको यो खाडलका कारण प्राधिकरणले उद्योगहरूमा लोडसेडिङ गरिरहेको हो ।

# जब सोमपाल आफैंले ह्याट्रिक लिएको थाहा पाएनन्

काठमाडौं, १३ चैत/ नेपालले मंगलबार दोस्रो टी-२० अभ्यास खेलमा आयरल्यान्ड ए लाई ७१ रनले हराउँदै दुई खेलको सिरिज जित्न सफल भयो । कीर्तिपुर स्थित त्रिवि क्रिकेट मैदानमा टस जितेर पहिला ब्याटिङ गरेको घरेलु टोलीले २० ओभरमा ७ विकेट गुमाउँदै १९८ रन बनाएको थियो ।

गुल्सन झाले ३२ बलमा १ चौका र ४ छक्कासहित सर्वाधिक ४६ रन बनाए । कुशल मल्लले १३ बलमा १ चौका र ४ छक्का हान्दै ३४ रन जोडेपछि नेपाल २ सय रन नजिक पुगेको थियो । १९९ रनको लक्ष्य पछ्याएको आयरल्याण्ड ए १८.३ ओभरमा १२७ रनमा अल आउट हुन पुग्यो । नेपालका सोमपाल कामी र कुशल मल्लले ३-३ विकेट लिए ।

सोमपाल कामीले १९ औं ओभरको पहिलो बलमा लियाम म्याकार्थीलाई बोल्ड र अर्को बलमा बेन ह्वाइटलाई २ रनमा कट एण्ड बोल्ड आउट गरे । तेस्रो बलमा ग्यारेथ डेलानी नन स्ट्राइकमा १५ रनमा रन आउट हुन पुगेपछि आयरल्यान्ड अल आउट भएको थियो । त्यसैले धेरैले टिम ह्याट्रिक सोचे ।

तर खेलमा सोमपालले ह्याट्रिक नै लिएका थिए । त्यो धेरैले चाल पाउन सकेनन् । स्वयं सोमपाल र टोलीका अन्य खेलाडीलाई थाहा थिएन । खेल सकिएपछि खेलाडीहरु समर्थकलाई धन्यवाद दिन मैदान परिक्रमा गरे । सोमपाल र करण केसी आपसमा कुराकानी गर्दै थिए । त्यसैक्रममा मिडिया बक्सबाट रवि तिमिल्सिनाले सोमपाललाई ह्याट्रिक लिएको भन्दै बधाई दिए । तर उनले सुरुमा पत्याएनन् र टिम ह्याट्रिक भएको जवाफ दिए ।

तर त्यसअघिको ओभरमा पनि विकेट लिएको बताएपछि बल्ल उनले आफूले ह्याट्रिक लिएको थाहा पाएका थिए । त्यतिबेला खेल सकिएको एक घण्टा भन्दा बढी समय भइसकेको थियो । 'मलाई त रवि दाइले भनेपछि मात्रै ह्याट्रिक लिएको थाहा पाएको थिएँ । त्यसअघि थाहा नै थिएन', सोमपालले भने ।

सोमपालले पाँचौं ओभरको अन्तिम बलमा स्टेफन डोनेहीलाई क्याच आउट गरेका थिए । त्यसपछि उनी १९ औं ओभरमा मात्रै बलिङमा फर्किएका थिए । पाँचौं ओभरको अन्तिम बल, १९ औं ओभरको पहिलो र दोस्रो बलमा लगातार विकेट लिएकाले खेलमा सोमपालको ह्याट्रिक पूरा भएको थियो ।

मंगलबार बिहानदेखि नै त्रिवि मैदानको मौसम खुलेको थिएन । अधिकांश समय आकाश बादलले ढाकेको हुँदा बर्षाको डर निरन्तर थियो । बलियो लक्ष्य पछ्याएको आयरल्याण्ड ए ले सुस्वाती १० ओभरमा ७५ रन बनाउँदा नै नेपालको जित लगभग पक्कापक्की भएको थियो ।

आयरल्यान्ड ए ले सुरुवात भने उत्कृष्ट गरेको थियो । उसले ४ ओभरमा कुनै विकेट नगुमाई ४२ रन जोडेको थियो । दोस्रो ओभरमा सोमपालले १६ रन खर्चेका थिए । त्यसपछि पाचौं ओभरमा आएका उनले १ रन खर्चेर एक विकेट लिए ।

ओपनर स्टेफन डोहेनी सोमपालको पाँचौं ओभरको अन्तिम बलमा कप्तान रोहित पौडेलबाट २६ रनमा क्याच आउट भए । छैटौं ओभरको दोस्रो बलमा रस आदिर १७ रनमा आउट भएपछि आयरल्याण्डको ब्याटिङ अल्छीलाग्दो हुन थालेको थियो । दुई युवा ब्याटर मोर्गन टिप्लिङ र केड कर्माकाइलले नेपाली बलर सामु निकै सुस्त ब्याटिङ गरेका थिए । त्यसैले कप्तान र रोहित पौडेलले आफ्ना प्रमुख बलर सोमपाल कामीलाई बलिङमा ल्याउन आवश्यक ठानेनन् । १९ औं ओभरमा लगातार दुई विकेट लिएपछि सोमपालको ह्याट्रिक पूरा गरेका थिए ।

*(स्रोत: अनलाइनखबर)*

हेटौंडामै उत्पादित
सुदिन ड्राइमिट







Ready To Eat

हाम्रा विशेषताहरू:
- ग्याँस ओभनबाट उत्पादन गरिने ।
- हानिकारक धुवाँको असर नहुने ।
- १२ प्रकारका घरायसी मसलायुक्त ।
- तत्काल खान मिल्ने ।
- खाद्य सुरक्षणको लागि केमिकल (Preservative) प्रयोग नभएको ।

सुदिन प्याकेजिङ्ग उद्योग
हेटौडा-४, मकवानपुर
९८४५२६२५२२, ९८५५०७२६२३